मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ | अंक १७९ | २०८३ साल जेष्ठ ०४ गते सोमबार | Monday 18, May 2026 | सूर्योदय: बिहान ०५:१६ बजे | सूर्यास्त: साँझ ०६:४७ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## चिनियाँ नागरिक समातिए

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज नाका भएर शंकास्पद रुपमा भारत प्रवेश गरेको अवस्थामा चिनिया नागरिक पक्राउ परेका छन् । उनलाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले नियन्त्रणमा लिएको हो । नेपाल भारत सीमाको मितेरी पुलबाट एसएसबीले ५७ वर्षीय चिनिया नागरिक याओ शुझांगलाई नियन्त्रणमा लिएको छ । उनी शुक्रबार वीरगंज नाका हुँदै रक्सौल जाँदै गरेको अवस्थामा सोधपुछ गर्दा साथमा पासपोर्ट भए पनि भारत प्रवेशका लागि भिसा नरहेको पाइएको हो । प्रारम्भिक अनुसन्धानमा उनले खेलौनाका सामानको व्यापारी रहेको बताएका छन् । उनको साथबाट लड़ाकू विमान, स्पाइडर म्यान, मुखौटासहितका खेलौना पनि बरामद भएको छ।



## संस्थागत विद्यालयको छात्रवृत्ति प्रवेश परीक्षा अनुगमन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाले संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई प्रदान गरिने निःशुल्क छात्रवृत्ति कार्यक्रमअन्तर्गत सञ्चालन गरिएको प्रवेश परीक्षाको अनुगमन गरेको छ।

नगर प्रमुख मनोज कुमार साहको नेतृत्वमा शिक्षा, युवा तथा खेलकुद विकास शाखाको टोलीले विभिन्न विद्यालय पुगेर परीक्षा सञ्चालनको अवस्था, व्यवस्थापन तथा विद्यार्थीहरूको सहभागिताबारे निरीक्षण गरेको हो।

उपमहानगरपालिकाले संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि–२०८१ अनुसार कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति छनोट प्रक्रिया अघि बढाएको जनाएको छ।

शिक्षा समितिका सदस्य तथा एन–प्याब्सन नगर अध्यक्ष दिपक ठाकुरका अनुसार आइतबार बिहान ८ बजेदेखि सम्बन्धित विद्यालयमै प्रवेश परीक्षा सञ्चालन गरिएको थियो।

परीक्षाको क्रममा विद्यार्थीहरूको उपस्थिति, परीक्षा सञ्चालनको पारदर्शिता तथा व्यवस्थापन पक्षको समेत अनुगमन गरिएको उनले बताए।

उपमहानगरपालिकाले प्रवेश परीक्षाको नतिजा आगामी जेठ ७ गते सार्वजनिक गरिने जनाएको छ।

## चुरे संरक्षणका लागि मेचीदेखि महाकालीसम्म जनजागरण अभियान सुरु

**मधेशदृष्टि**
**जनकपुरधाम।**
चुरे तथा वनजंगल संरक्षणको माग गर्दै 'मेची–महाकाली जनजागरण एवं हस्ताक्षर अभियान' पूर्वी नाका झापाको मेची पुलबाट औपचारिक रूपमा सुरु गरिएको छ।

चुरे क्षेत्रको बढ्दो दोहन, वन विनाश, नदी उत्खनन तथा वातावरणीय संकटबारे जनचेतना फैलाउने उद्देश्यले सुरु गरिएको अभियानमा पूर्वी नेपालका विभिन्न स्थानमा उल्लेखनीय जनसहभागिता देखिएको अभियानकर्ताहरूले बताएका छन्।

चुरे तथा वनजंगल संरक्षण अभियानद्वारा सञ्चालित कार्यक्रमको पहिलो दिन मेची पुलबाट सुरु भएर काकडभिट्टा, बिर्तामोड, कन्काई र दमकसम्म जनजागरण कार्यक्रम आयोजना गरिएको थियो।

दोस्रो दिन मोरङको बेलबारी, सलकपुर हुँदै सुनसरीको इटहरीमा सभा, अन्तरक्रिया तथा हस्ताक्षर संकलन कार्यक्रम सम्पन्न गरिएको जनाइएको छ।



अभियानका राष्ट्रिय संयोजक सुनिल यादवले चुरे क्षेत्रमाथि भइरहेको अन्धाधुन्ध दोहनले देशको पर्यावरणीय सन्तुलन नै संकटमा परेको बताएका छन्। उनका अनुसार चुरे केवल पहाड वा जंगलको विषय नभई तराई–मधेशको जीवनसँग प्रत्यक्ष जोडिएको संवेदनशील प्राकृतिक संरचना हो।

उनले चुरे संरक्षणको आवश्यकता औँल्याउँदै वन फँडानी, ढुंगा–गिट्टी उत्खनन तथा अवैध दोहनलाई समयमै नियन्त्रण गर्न नसके पानीका स्रोत सुक्ने, खेतीयोग्य जमिन बगरमा परिणत हुने र मानव बस्ती नै जोखिममा पर्ने चेतावनी दिए।

यादवले विकासको नाममा चुरे क्षेत्रको अत्यधिक दोहन भइरहेको आरोप लगाउँदै राजनीतिक संरक्षण र प्रशासनिक उदासीनताका कारण वन अतिक्रमण तथा नदीजन्य पदार्थको अवैध उत्खनन बढेको बताए।

उनका अनुसार प्राकृतिक सम्पदामाथिको असन्तुलित हस्तक्षेपका कारण बाढी, डुबान, सुख्खा तथा तापक्रम वृद्धि जस्ता समस्या थप जटिल बन्दै गएका छन्।

अभियानअन्तर्गत विभिन्न स्थानमा स्थानीय नागरिक, विद्यार्थी, युवा तथा वातावरण संरक्षणकर्मीहरूको सहभागितामा हस्ताक्षर संकलन गरिएको छ । संकलित हस्ताक्षर सरकारलाई बुझाएर चुरे संरक्षणका लागि प्रभावकारी नीति निर्माण, अवैध उत्खनन नियन्त्रण, वृक्षरोपण विस्तार तथा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न दबाब दिने अभियानकर्ताहरूले बताएका छन्।

कार्यक्रममा सहभागी स्थानीयवासीहरूले चुरे क्षेत्रको विनाशसँगै पानीका मुहान सुक्दै गएको, खेतीयोग्य जमिन कटानमा परेको तथा बाढी–डुबानको जोखिम बढेको गुनासो गरेका थिए । उनीहरूले वातावरण संरक्षणलाई नारामा सीमित नराखी व्यवहारिक कार्ययोजना लागू गर्नुपर्ने आवश्यकता औँल्याएका छन्।

अभियान टोलीले पूर्वदेखि पश्चिमसम्म विभिन्न जिल्ला र शहरमा पुगेर जनचेतनामूलक कार्यक्रम तथा हस्ताक्षर संकलनलाई निरन्तरता दिने जनाएको छ । अभियान महाकाली पुगेर समापन गरिने कार्यक्रम रहेको बताइएको छ।

अभियानकर्ताहरूले चुरे संरक्षणलाई राष्ट्रिय अस्तित्वसँग जोडिएको विषय भएको उल्लेख गर्दै सरकार, राजनीतिक दल, स्थानीय तह र आम नागरिक सबैले साझा जिम्मेवारीका साथ अघि बढ्नुपर्नेमा जोड दिएका छन्।

## कांग्रेस धनुषा–३ का सभापति निधिको निधन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेस धनुषा क्षेत्र नम्बर ३ का क्षेत्रीय सभापति धीरेन्द्र कुमार निधि 'श्याम' को निधन भएको छ। ६५ वर्षीय निधिको आइतबार दिउँसो करिब ३/३० बजे प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारका क्रममा निधन भएको पारिवारिक स्रोतले जनाएको छ।



विगत एक वर्षदेखि मृगौला सम्बन्धी समस्याबाट पीडित निधिले नियमित उपचार गराइरहेका थिए। पछिल्लो समय स्वास्थ्य अवस्था जटिल बनेपछि उनलाई अस्पतालमा भर्ना गरिएको थियो। उपचारकै क्रममा उनको निधन भएको हो।

श्याम निधि नेपाली कांग्रेसभित्र सक्रिय, मिलनसार तथा संगठन निर्माणमा निरन्तर लागिपर्ने नेताका रूपमा परिचित थिए । धनुषाको राजनीतिमा प्रभावशाली व्यक्तित्व मानिने उनले पार्टी संगठन सुदृढीकरण, कार्यकर्ता परिचालन तथा स्थानीय राजनीतिक गतिविधिमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

उनको निधनको खबर सार्वजनिक भएपछि कांग्रेस कार्यकर्ता तथा शुभेच्छुकहरूमा शोक छाएको छ । विभिन्न राजनीतिक दलका नेताहरूले सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेका छन्।

## जानकी मन्दिरमा तुलसीदास स्वामी र स्मिता ठाकरेले गरे पूजा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारतको वृन्दावनस्थित माँ तुलसी पीठका पीठाधीश तुलसीदास स्वामी र भारतको महाराष्ट्रका पूर्व मुख्यमन्त्री बालासाहेब ठाकरेकी बुहारी स्मिता ठाकरेले जनकपुरधामस्थित जानकी मन्दिरमा पूजा अराधना गरेका हुन् । पहिलोपटक जनकपुरधाम भ्रमणमा आएका दूबैले जानकी मन्दिरमा विशेष पूजा–आराधना गरे ।

दूबैलाई स्थानीय धार्मिक तथा सामाजिक अगुवाहरूले भव्य स्वागत गरेका थिए । मिथिलाको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वबारे जानकारी लिँदै उनीहरूले जानकी मन्दिरमा विधिपूर्वक पूजा–आराधना गरे ।

पूजापछि सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै तुलसीदास स्वामीले जनकपुरधामलाई माता जानकीको पवित्र जन्मभूमि तथा सम्पूर्ण हिन्दू आस्थाको केन्द्रका रूपमा वर्णन गरे । उनले नेपाल–भारतबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई अझ सुदृढ बनाउन यस्ता आध्यात्मिक भ्रमणले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

त्यस्तै स्मिता ठाकरेले जनकपुरधामको धार्मिक वातावरण, यहाँका नागरिकको आत्मीयता तथा जानकी मन्दिरको दिव्यताले आफू अत्यन्त प्रभावित भएको बताइन् ।

उनले पहिलो नेपाल भ्रमणलाई अविस्मरणीय अनुभवको रूपमा लिएको उल्लेख गर्दै पुनः जनकपुरधाम आउने इच्छा समेत व्यक्त गरिन् । उनले जनकपुरधामलाई बुझ्दै जाने र फिल्म पनि बनाउन आफू ईच्छुक रहेको बताए । दूबैले नेपाल भ्रमणको क्रममा पशुपतिनाथ, मुक्तिनाथ दर्शन गर्दै जनकपुरधाम आएर जानकी मन्दिर दर्शन पश्चात राम मन्दिर तथा राजदेवी मन्दिरमा समेत पूजा अर्चना गरे ।

## युवापुस्ताले नेतृत्वसँग जिम्मेवारी माग्नु स्वाभाविक: पोखरेल



**काठमाडौँ ।**
नेकपा एमालेका महासचिव शंकर पोखरेलले युवापुस्ताले पार्टी नेतृत्वसँग जिम्मेवारी र अवसर माग्नु स्वाभाविक भएको बताएका छन् ।

३३ औँ मदन–आश्रित स्मृति दिवसका अवसरमा आइतबार काठमाडौँमा आयोजित विमर्श कार्यक्रममा पोखरेलले उक्त कुरा बताएका हुन् ।

तर आन्दोलनको समग्र नेतृत्व गर्नसक्ने क्षमता, संगठनात्मक दक्षता र व्यापक विश्वास निर्माण गर्न सके मात्र नेतृत्व विकास हुने पोखरेलले स्पष्ट पारे । पछिल्लो समय समाजमा पुरानाले गरेनन् भन्ने भाष्य निर्माण गरिएको भन्दै त्यसबाट प्रभावित नहुन पनि उनले एमालेका कार्यकर्ताहरुसँग आग्रह गरेका छन् ।

समाजको विकास केवल एउटा पुस्ताको प्रश्न नभई समग्र राजनीतिक दृष्टि र नेतृत्व क्षमतासँग सम्बन्धित विषय भएको उनको धारणा छ ।

## ४० लाख बराबरको सामानसहित ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको नवराजपुर गाउँपालिका क्षेत्रमा सशस्त्र प्रहरीले करिब ४० लाख रुपैयाँ बराबरको ओखर, टुथपेस्ट तथा फेयर एण्ड लभ्लीसहित एक ट्रक नियन्त्रणमा लिएको छ।

विशेष सूचनाका आधारमा खटिएको सशस्त्र प्रहरी बलको टोलीले स १ ख ५३५ नम्बरको ट्रक नियन्त्रणमा लिएको हो। नेपालबाट भारततर्फ अवैध रूपमा सामान तस्करी गर्न लागिएको आशंकामा चालकसहित ट्रक नियन्त्रणमा लिइएको सशस्त्र प्रहरीले जनाएको छ। नियन्त्रणमा लिइएको ट्रक हाल सन्हैठास्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण सिरहाको नियन्त्रणमा राखिएको सशस्त्र प्रहरी नायव उपरीक्षक श्याम बाबु यादवले जानकारी दिए।

उनका अनुसार बरामद गरिएको सामानको यकिन परिमाण तथा मूल्याङ्कनको काम भइरहेको छ । सम्पूर्ण विवरण सोमबार बिहान सार्वजनिक गरिने उनले बताए।

सशस्त्र प्रहरीका अनुसार ट्रक नियन्त्रणमा लिने क्रममा प्रहरी र तस्कर समूहबीच झडप समेत भएको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको सशस्त्र प्रहरीले जनाएको छ।

## मदन–आश्रित स्मृति दिवसमा जनकपुरधाममा रक्तदान कार्यक्रम

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारी र सङ्गठन विभाग प्रमुख जीवनराज आश्रितको ३३ औँ स्मृति दिवसको अवसरमा जनकपुरधाममा रक्तदान कार्यक्रम सम्पन्न गरिएको छ । नेकपा एमाले धनुषा जिल्ला कमिटीको आयोजनामा भएको कार्यक्रममा दर्जनौँ व्यक्तिले रक्तदान गरेका छन् ।




एमाले धनुषाका जिल्ला सचिव दिपन ठाकुरले रगत अभावका कारण कसैले पनि ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।

उनले रक्तदान मानव जीवनका लागि अत्यन्त महत्वपूर्ण कार्य भएको उल्लेख गर्दै समाजमा अझै पनि यसप्रति पर्याप्त सकारात्मक सोच विकास हुन नसकेको बताए । रक्तदानप्रति जनचेतना फैलाउने उद्देश्यले समेत कार्यक्रम आयोजना गरिएको उनको भनाइ थियो ।नेकपा एमाले धनुषाका अध्यक्ष भोला यादवको अध्यक्षतामा भएको सो कार्यक्रममा जिल्ला तहका नेता–कार्यकर्ता, राष्ट्रिय युवा सङ्घ नेपाल तथा अनेरास्ववियुका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## ओलीद्वारा मदन आश्रितप्रति श्रद्धाञ्जली



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीका तत्कालीन महासचिव मदनकुमार भण्डारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेका छन् ।

तेत्तिसौँ मदन–आश्रित स्मृति दिवसमा उनले दिवङ्गत नेताद्वयले पार्टी सुदृढीकरण एवं विकासमा गरेको योगदानको उच्च सम्मान र स्मरणका साथ श्रद्धाञ्जली प्रकट गरेका हुन् ।

मदन–आश्रितको सम्झनामा आइतबार सन्देश जारी गर्दै अध्यक्ष ओलीले उनीहरूलाई आफ्ना नेता, साथी र सहयोद्धाका रूपमा चित्रण गरेका छन् । उनले घाउहरू पुराना भए पनि तिनको दुखाइका स्मृति झन् गाढा हुँदा रहेछन् भनेका छन् । रासस

## बजेट खर्चमा लुम्बिनी प्रदेश सरकार कमजोर




**भैरहवा ।**
चालु आर्थिक वर्ष समाप्त हुन दुई महिना मात्र बाँकी रहँदा पनि लुम्बिनी प्रदेश सरकारको बजेट कार्यान्वयन अत्यन्त सुस्त देखिएको छ । विकास निर्माणका योजना प्रभावकारी रूपमा अघि बढ्न नसक्दा प्रदेश सरकारको समग्र खर्च प्रगति ४० प्रतिशतभन्दा कम भएको हो । अधिकांश मन्त्रालयले विनियोजित बजेटको आधा रकमसमेत खर्च गर्न नसकेको तथ्याङ्कले देखाएको छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार र चालुतर्फ १५ अर्ब ४३ करोड ८५ लाख ३५ हजार गरी कुल ३८ अर्ब ८१ करोड बजेट विनियोजन गरेको थियो । चालु वर्षको १० महिना सकिँदासम्म कुल बजेटको जम्मा ३९ दशमलव ९१ प्रतिशत मात्रै खर्च भएको छ । विशेषगरी विकास बजेट खर्चमा कमजोरी देखिएको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार वैशाख मसान्तसम्म चालु तथा पुँजीगत गरी प्रदेश सरकारले १३ अर्ब ७९ करोड ९१ लाख ८५ हजार ९४२ रुपैयाँ खर्च गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १० महिनामा २६ दशमलव ६६ प्रतिशत अर्थात् १३ करोड ३७ लाख ८३ हजार मात्र खर्च गरेको छ । युवा तथा खेलकुद मन्त्रालयले ६ करोड आठ लाख ६१ हजारमध्ये १६ दशमलव ३४ प्रतिशत खर्च गरेको छ ।

त्यस्तै सहरी विकास तथा खानेपानी मन्त्रालयले दुई अर्ब पाँच करोड ६६ लाख ५४ हजार बजेटमध्ये ३६ दशमलव ५९ प्रतिशत खर्च गरेको छ भने सामाजिक विकास मन्त्रालयले ९६ करोड ४५ लाख ८० हजार बजेटमध्ये २६ दशमलव ६६ प्रतिशत मात्र खर्च गरेको छ । स्वास्थ्य मन्त्रालयले दुई अर्ब ८८ करोड ३९ लाख ६१ हजारमध्ये हालसम्म ५८ दशमलव २३ प्रतिशत बजेट खर्च गरेको जनाएको छ ।

यस्तै आर्थिक मामिला तथा योजना मन्त्रालयले ४३ करोड ८६ लाख २५ हजार अर्थात् २६ दशमलव ७५ प्रतिशत बजेट खर्च गरेको छ भने उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले ५३ करोड ४४ लाख ४५ हजारमध्ये २८ दशमलव ०७ प्रतिशत खर्च गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले एक अर्ब चार करोड ६९ लाख २१ हजारमध्ये ३८ दशमलव ९८ प्रतिशत खर्च गरेको छ । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले ५३ करोड ४४ लाख ९८ हजार बजेटमध्ये ३५ दशमलव ५२ प्रतिशत खर्च गरेको छ ।

त्यस्तै आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ४१ करोड २५ लाख ८६ हजार बजेटको ११ दशमलव २४ प्रतिशत मात्रै खर्च गरेको छ ।

वन तथा वातावरण मन्त्रालयले एक अर्ब चार करोड ८१ लाख ८३ हजारमध्ये ४१ दशमलव १५ प्रतिशत खर्च गरेको छ भने भौतिक पूर्वाधार विकास मन्त्रालयले चार अर्ब २९ करोड ५७ लाख ४४ हजार बजेटमध्ये ४३ दशमलव २८ प्रतिशत खर्च गरेको जनाएको छ । रासस

## गुठी संस्थानसँग छैन जिल्लागत जग्गाको अभिलेख विवरण

**काठमाडौँ ।**
गुठी संस्थानसँग जिल्लागत जग्गाको अभिलेख नरहेको महालेखा परीक्षकको ६३औँ प्रतिवेदनमा उल्लेख छ । अभिलेख नभएकाले कुल जग्गाको क्षेत्रफल एकिन हुन नसकेको महालेखापरीक्षकको कार्यालयको ६३औँ प्रतिवेदनको सारांशमा लेखिएको छ ।

संस्थानको नाममा रहेको जग्गा तथा सम्पत्तिको एकीकृत र कार्यालयगत अभिलेख तयार गरी जग्गाको संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउन सुझाव दिइएको छ । संस्थानमा रहेको जग्गामध्ये धनुषा जिल्लामा ४३ । ५ बिघा, महोत्तरीमा १२२ बिघा, बारामा २७ बिघा, पर्सामा सात बिघा तथा काठमाडौँमा १४ रोपनी, ललितपुरमा १२ रोपनी र भक्तपुरमा दुई रोपनी जग्गा अतिक्रमण भएको प्रतिवेदनमा उल्लेख छ ।

संस्थानले यसको पूर्ण लगत तयार नगरेकाले तयार गर्न र अन्य जिल्लामा अतिक्रमण भएको जग्गाको एकीकृत तथा अद्यावधिक लगत तयार गरी अतिक्रमित जग्गााको संरक्षण गरिनुपर्छ ।

संस्थान कार्यव्यवस्था विनियम, २०४९ को १७ (१) बमोजिम अधिकार क्षेत्रभित्रको जग्गासम्बन्धी छुट्टै लगत तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । संस्थानले विभिन्न ६८ जिल्लाअन्तर्गत पहाडमा पाँच लाख ६१ हजार ९९० रोपनी र तराईमा ६६ हजार ३२० बिघा जग्गा गुठीको नाममा रहेको प्रतिवेदनमा उल्लेख छ । रासस

# बारामा रास्वपाको सबै सांगठनिक कार्यक्रम स्थगित



**मधेशदृष्टि**
**कलैया।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बारा जिल्लामा सञ्चालन हुँदै आएका सबै सांगठनिक कार्यक्रम स्थगित गरेको छ।

आगामी असारमा हुने महाधिवेशनलाई लक्षित गर्दै देशभर संगठन विस्तार अभियान सञ्चालन भइरहेका बेला बारामा भने जिल्ला कमिटी विघटनका कारण पार्टीका कार्यक्रम प्रभावित बनेको हो । रास्वपाले गत वैशाख २७ गते बारा जिल्ला कमिटी विघटन गरेको थियो।

जिल्लामा देखिएको संगठनात्मक समस्या समाधान तथा आवश्यक समन्वयका लागि आगामी शनिबार विस्तारित बैठक आह्वान गरिएको सो पार्टीले जनाएको छ । बारा जिल्ला संगठन निर्माण विशेष समितिकी संयोजक कामीनी चौधरीले विज्ञप्तिमार्फत वडा, पालिका तथा निर्वाचन क्षेत्रस्तरीय सबै सांगठनिक कार्यक्रम स्थगित गरिएको जानकारी दिए।

आगामी विस्तारित बैठकबाट नयाँ निर्णय नभएसम्म सदस्यता वितरणबाहेक पार्टीका अन्य सबै गतिविधि बन्द रहने विज्ञप्तीमा उल्लेख छ । चन्दन स्वर्णकारको सभापतित्वमा रहेको रास्वपाको बारा जिल्ला समिति पटक–पटक विवादमा परेपछि पार्टीको केन्द्रीय समितिले बारा जिल्ला कमिटी विघटन गरेको हो।

# लागूऔषध खैरो हिरोइनसहित दुई युवक पक्राउ



**मधेशदृष्टि**
**वीरगंज।**
अवैध लागू औषध सेवनकर्ता खोजी तथा सुधार महाअभियान सञ्चालन गरिरहेको जिल्ला प्रहरी कार्यालय पर्साले खैरो हिरोइनसहित दुई युवकलाई पक्राउ गरेको जनाएको छ।

प्रहरीका अनुसार शनिबार राति करिब ९/४० बजेको समयमा वीरगंज महानगरपालिका–३१ कटगेनवा सडकखण्डमा संयुक्त प्रहरी टोलीले शंकास्पद अवस्थामा गुडिरहेको ना ३९ प २५३२ नम्बरको स्प्लेण्डर मोटरसाइकल रोकी जाँच गरेको थियो। उक्त टोलीमा इलाका प्रहरी कार्यालय पटेर्वासुगौली र प्रहरी चौकी मिलनचोकका प्रहरी खटिएका थिए । जाँचका क्रममा मोटरसाइकलमा सवार दुवैले लगाएको पाइन्टभित्र लुकाइछिपाइ राखिएको प्लाष्टिकसहित ८ ग्राम ४० मिलिग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ फेला परेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा वीरगंज महानगरपालिका–३२ परसवाका २० वर्षीय राहुल सिंह र बारा जिल्लाको जितपुरसिमरा उपमहानगरपालिका–७ खालका टोलका १९ वर्षीय नन्दन गुप्ता रहेका छन् ।उनीहरूविरुद्ध लागू औषध नियन्त्रण ऐनअन्तर्गत मुद्दा दर्ता गरी थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेत ले जानकारी दिए।

# जनकपुर उच्च अदालतबाट तीन हजार मुद्दा फछ्र्यौट

**जनकपुरधाम।**
जनकपुर उच्च अदालतले चालु आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म तीन हजार ११५ मुद्दा फछ्र्यौट गरेको छ। पुरानो र नयाँ गरी कुल पाँच हजार ६५१ मुद्दा अदालतमा रहेको थियो।

उच्च अदालतका शाखा अधिकृत गणेश पाण्डेका अनुसार फछ्र्यौट भएका मुद्दामध्ये अघिल्लो वर्षबाट सरी आएका दुई हजार २६७ र नयाँ दर्ता भएका तीन हजार ३८४ सहित कुल पाँच हजार ६५१ मुद्दा अदालतमा रहेको छ । उनका अनुसार दुई हजार ५३६ मुद्दा फछ्र्यौट हुन बाँकी छ।

अदालत सम्बन्धमा जानकारी दिँदै सो अदालतका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले न्यायीक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउने उद्देश्यसहित अदालतको कार्यप्रगति, मुद्दा फछ्र्यौटको अवस्थाबारे जानकारी दिए । विवरणअनुसार जिम्मेवारी सरी आएका मुद्दामध्ये एक हजार ७२४ मुद्दा फछ्र्यौट गरी ५४३ मुद्दा बाँकी रहेका छन्।

यसैगरी, चालु वर्षमा नयाँ दर्ता भएका मुद्दामध्ये एक हजार ३९१ मुद्दा फछ्र्यौट हुँदा एक हजार ९९३ मुद्दा अझै बाँकी छन् । अदालतको कुल मुद्दा फछ्र्यौट प्रतिशत ५५ दशमलव १२ रहेको जानकारी दिइएको छ।

अदालतले लामो समयदेखि विचाराधीन रहेका मुद्दालाई प्राथमिकताका साथ टुङ्ग्याउने अभियान पनि सञ्चालन गरिरहेको जनाएको छ । सार्वजनिक विवरणअनुसार एक वर्षदेखि १८ महिनाभित्रका ३७४ मुद्दा, १८ महिनादेखि दुई वर्षभित्रका ७० मुद्दा तथा दुई वर्ष नाघेका चार मुद्दा अझै विचाराधीन रहेका छन्।

त्यसैगरी, २०८१ साल पुस मसान्तसम्म दर्ता भई बाँकी रहेका मुद्दाको सङ्ख्या १२४ रहेको अदालतले जनाएको छ।

कामु मुख्य न्यायाधीश कुँवरले न्यायपालिकाप्रति नागरिकको विश्वास कायम राख्न छिटो, निष्पक्ष र प्रभावकारी न्याय सम्पादन आवश्यक रहेको बताए।


उनका अनुसार अदालतले पुराना मुद्दा फछ्र्यौटलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको उल्लेख गर्दै न्यायमा नागरिकको पहुँच विस्तार गर्न सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहने विचार व्यक्त गरे। अदालतले चालु आर्थिक वर्षका लागि चार हजार ५४६ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य निर्धारण गरेको जनाएको छ। रासस

# लागुऔषध गाँजासहित एक पक्राउ

**मधेशदृष्टि**
**हेटौडा।**
मकवानपुरको हेटौँडा उपमहानगरपालिका–१० बसपार्कबाट प्रहरीले लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ । पर्साको बिन्दबासिनी गाउँपालिका–४ मधुवनका ६० वर्षीय लक्चन हजराको साथबाट प्रहरीले २१ किलो ३ सय १० ग्राम गाँजासहित पक्राउ गरेको हो।

प्रहरी चौकी बसपार्कबाट खटिएको टोलीले उनलाई नियन्त्रणमा लिएको जनाएको छ । प्रहरीले घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जनाएको छ।

# बौद्ध गुम्बामा भित्तिटिक पाठको शुभारम्भ



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरी गाउँपालिका–४ घ्याङ डाँडा स्थित साङ रिङछिङ बौद्ध गुम्बामा आइतवार लोमानथाम्वो (त्रिपिटक) पाठको शुभारम्भ गरिएको छ । कार्यक्रमको उद्घाटन प्रतिनिधिसभा सदस्य टेकबहादुर शाक्यले पानसमा दीप प्रज्वलन गरी गरेका हुन्।

बौद्ध धर्मगुरु लोपेन युराज लामाको रोहवरमा तथा गुम्बा अध्यक्ष रत्न पाख्रिनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सांसद शाक्यले बौद्ध परम्परासँग आफ्नो अत्यन्त गहिरो परम्परागत सम्बन्ध रहेको उल्लेख गरे । सांसद शाक्यले गुम्बामा भवन तथा भौतिक पूर्वाधार भए पनि गुम्बाको बुद्धमूर्ति अभाव रहेको भन्दै मुर्ति स्थपनाका लागि आफू व्यक्तिगत रूपमा सहयोग गर्न तयार रहेको बताए। संघीय बजेटबाट साना यस किसिमको सीमित रकम विनियोजन नहुने हुँदा सामाजिक अभियान मार्फ मूर्ति खरिद गर्न अग्रसर हुनु पर्ने उनको सुझाव थियो।

कार्यक्रम स्थानीय अगुवा बुद्ध पाख्रिनको सहजीकरणमा भएको रास्वपा ठोरीका नेता सन्तोष श्रेष्ठले जानकारी गराएका हुन्।

# ठूलो परिमाणमा लागुऔषध गाँजा बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
सिरहामा प्रहरीले ठूलो परिमाणमा प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको छ । कर्जन्हा नगरपालिका–११ क्षेत्रबाट प्रहरीले २७६ किलो गाँजा बरामद गरिएको हो।

इलाका प्रहरी कार्यालय मिर्चैयाबाट प्रहरी निरीक्षक जीवकान्त चौधरीको नेतृत्वमा खटिएको प्रहरी टोलीले शनिबार साँझ कर्जन्हा नगरपालिकाको कार्यालयबाट करिब ३ सय मिटर पर रहेको झाडी क्षेत्रमा खोजतलास गर्ने क्रममा ११ वटा बोरामा प्याक गरेर लुकाइ राखिएको अवस्थामा गाँजा फेला पारेको हो।

बरामद गरिएको गाँजा इलाका प्रहरी कार्यालय मिर्चैयामा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी रमेशबहादुर पालले जानकारी दिए। प्रहरीले गाँजा कसले र कहाँबाट ल्याएर राखेको हो भन्ने विषयमा अनुसन्धान भइरहेको जनाएको छ।

यसैबिच सिरहामा सशस्त्र प्रहरीले करिब ४० लाख रुपैयाँ बराबरको सामानसहित ट्रक नियन्त्रणमा लिएको छ । नवराजपुर गाउँपालिका–५ देवनगरस्थित सीमा क्षेत्र नं. ७ गण मुख्यालय सिरहाबाट सशस्त्र प्रहरी उपरीक्षक सुमन जंग थापाको नेतृत्वमा खटिएको ३५ सदस्यीय विशेष गस्ती टोलीले गएराति विशेष सूचनाको आधारमा चेकजाँच गर्ने क्रममा उक्त ट्रक नियन्त्रणमा लिएको हो।

सशस्त्रले ट्रकसहित तस्करीमा संलग्न भएको आरोपमा सिरहाको नवराजपुर गाउँपालिका– ५ का अन्दाजी ५० वर्षीय राजेशकुमार यादव र सोही ठाउँका ३५ वर्षीय आनन्द यादवलाई पक्राउ गरेको छ।

सशस्त्र प्रहरीले नेपालबाट भारततर्फ लुकाइछिपाइ अवैध रूपमा लैजान लागिएको स.१ ख.५३५ नम्बरको सामान बोकेको ट्रकसहित उनीहरुलाई नियन्त्रणमा लिएको जनाएको छ । ट्रकमा विभिन्न प्रकारका कस्मेटिक सामग्री, मन्जन (टुथपेष्ट), ओखर लगायतका सामान फेला परेको बताइएको छ।

# मलेसिया जान लागेको अजय यादवसँग ३ लाख ठग्ने पक्राउ

**मधेशदृष्टि**
**सप्तरी।**
वैदेशिक रोजगारीका लागि मलेसिया जान लागेका सप्तरीका अजयकुमार यादवसँग तीन लाख रुपैयाँ माग्ने काठमाण्डौ कोटेश्वरको एक म्यानपावर कम्पनीमाथि प्रहरीले स्टिङ अपरेसन गरेर एजेन्टलाई पक्राउ गरेको छ।

कोटेश्वरको 'ग्रान्ड स्विट जब' कम्पनीका कर्मचारीले तीन लाख रुपैयाँ नदिए उड्न दिन्न भनेपछि यादव गएको वैशाख २९ गते मलेसिया उड्न पाएन । यसअघि उनले कम्पनीकै झापामा स्थित शाखा कार्यालयबाट सबै प्रक्रिया पूरा गरेका थिए।

सरकारको 'फ्री भिसा फ्री टिकट'को नीति अनुरूप आफूले म्यानपावर कम्पनीलाई आवश्यक प्रक्रियाबापत बढीमा १० हजार मात्रै तिर्नुपर्नेमा, ७० हजार रुपैयाँ तिरी सक्दा पनि थप रकम मागेपछि, उनले संघीय श्रममन्त्री रामजी यादवको सचिवालयमा रिपोर्ट गरेका थिए । हिजो बिहान एजेन्टलाई तीनकुने गैरीगाउँ अगाडि पैसा लिन बोलाएर पक्राउ गरिएको हो।

प्रहरीका अनुसार १० हजारमा हुने काममा ३ लाख मागेको कुरा प्ररम्भिक सोधपुछमा नै कर्मचारीले स्वीकारेको छ। यादवको राहदानी, श्रम स्वीकृति, बीमा र हवाई टिकट बरामद गरी हस्तान्तरण गरिए पछि उनी आजै मलेसिया उडेका छन्।

# नेशनल मेडिकल कलेज आई.एस.ओ. प्रमाणित

**मधेशदृष्टि**
**वीरगंज।**
नेशनल मेडिकल कलेज वीरगंजले अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त आई.एस.ओ. ९००१ः:२०१५ गुणस्तर व्यवस्थापन प्रणाली (क्यू.एम.एस.) अन्तर्गतको प्रमाणीकरण सफलतापूर्वक प्राप्त गरेको छ।

यस उपलब्धिले गुणस्तरीय स्वास्थ्य सेवा, बिरामी सुरक्षाको सुनिश्चितता तथा संस्थागत व्यवस्थापनप्रति अस्पतालको प्रतिबद्धतालाई अझ सुदृढ बनाएको अस्पतालले जनाएको छ । अस्पतालको व्यवस्थापन प्रणाली, कार्यप्रणाली तथा सेवा प्रवाहको विस्तृत मूल्याङ्कनपछि उक्त प्रमाणीकरण प्रदान गरिएको जनाइएको छ।

आई.एस.ओ. ९००१/२०१५ प्रमाणीकरण अन्तर्गत अस्पतालका चिकित्सा सेवा, क्लिनिकल तालिम, शिक्षण अस्पताल सेवा, डायग्नोस्टिक तथा प्रयोगशाला सेवा, रेडियोलोजी, फार्मेसी, आपतकालीन सेवा, ब्लड बैंक तथा अन्य सहयोगी सेवाहरू समेटिएका छन् । यसले संस्थाको गुणस्तर सुनिश्चितता, निरन्तर सुधार तथा मानकीकृत कार्यप्रणालीप्रतिको प्रतिबद्धतालाई झल्काउने अस्पतालको भनाइ छ।

वीरगंज महानगरपालिका–१५, भेडियाही, पर्सामा अवस्थित नेशनल मेडिकल कलेज प्रा.लि.ले आई.एस.ओ. ९००१/२०१५ का सम्पूर्ण मापदण्डहरू पूरा गर्दै उक्त प्रमाणीकरण प्राप्त गरेको हो। साथै, निर्धारित अवधिमा अनुगमन अडिटहरू सफलतापूर्वक सम्पन्न गर्नुपर्ने व्यवस्था रहेको बताइएको छ।

यस अवसरमा अस्पताल व्यवस्थापनले उक्त प्रमाणीकरणले अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड कायम राख्न, सेवाग्राही सन्तुष्टि अभिवृद्धि गर्न, कार्यप्रणाली व्यवस्थापनलाई प्रभावकारी बनाउन, प्रक्रिया–केन्द्रित तथा सेवाग्राही–केन्द्रित सेवा प्रवाहलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ। साथै दक्ष जनशक्ति विकास तथा अन्तर्राष्ट्रिय स्तरअनुरूप सेवा प्रणाली कार्यान्वयनमा समेत यसले महत्वपूर्ण भूमिका खेल्ने अस्पतालको भनाइ छ।

अस्पतालका प्रबन्ध निर्देशकले 'आई.एस.ओ. ९००१/२०१५ प्रमाणीकरण हाम्रो अस्पतालका लागि केवल उपलब्धि मात्र नभई गुणस्तरीय सेवा, व्यवस्थित प्रणाली तथा निरन्तर सुधारप्रतिको प्रतिबद्धताको प्रमाण हो,' भन्दै बिरामीलाई अझ सुरक्षित, व्यवस्थित तथा सम्मानजनक स्वास्थ्य सेवा प्रदान गर्न अस्पताल निरन्तर प्रतिबद्ध रहने बताएका छन्।

अस्पताल नेतृत्वले क्ष्क्ूइ प्रमाणीकरणलाई सम्मानसँगै जिम्मेवारीका रूपमा लिएको उल्लेख गर्दै सुरक्षित, भरपर्दो तथा उच्च गुणस्तरीय स्वास्थ्य सेवा र चिकित्सा शिक्षामा उत्कृष्टता कायम राख्न संस्था निरन्तर प्रयासरत रहने जनाएको छ। यस उपलब्धिसँगै नेशनल मेडिकल कलेज अस्पताल क्षेत्रकै अग्रणी स्वास्थ्य तथा चिकित्सा शिक्षा संस्थाका रूपमा थप स्थापित भएको विश्वास गरिएको छ।

# कारागारको अतिक्रमित जग्गा हटाउने प्रक्रिया सुरु

**मधेशदृष्टि**
**कलैया।**
बारा जिल्लाको कलैया उपमहानगरपालिका–४ स्थित कारागार शाखाको नाममा रहेको सरकारी जग्गामाथिको अतिक्रमण हटाउने प्रक्रिया सुरु गरिएको छ।

वर्षौंदेखि अवैध रूपमा कब्जा गरिएका घरटहरा तथा संरचनामाथि प्रशासनले कडाइ गरेपछि केही अतिक्रमणकारीहरूले आफ्ना संरचना आफैँ हटाउन थालेका छन्।

कारागार शाखा कलैयाको स्वामित्वमा रहेका कित्ता नम्बर १०३, १०२ र ४४४ अन्तर्गतका सरकारी जग्गामा स्थानीय व्यक्तिहरू तथा भू–माफियाले स्थायी र अस्थायी संरचना बनाएर प्रयोग गर्दै आएका थिए।

जिल्ला प्रशासन कार्यालय बाराले गत चैत २६ गते सार्वजनिक सूचना जारी गर्दै एक महिनाभित्र सबै संरचना हटाउन निर्देशन दिएको थियो । प्रशासनले दिएको समयसीमा सकिएसँगै अहिले जग्गा खाली गराउने काम तीव्र बनाइएको छ।

प्रशासनका अनुसार अतिक्रमणकारीहरूले कुनै कानुनी अनुमति वा सम्झौताविना सरकारी सम्पत्ति कब्जा गरेको पुष्टि भएपछि स्थानीय प्रशासन ऐनअनुसार कारबाही प्रक्रिया अघि बढाइएको हो।

# घण्टाघर परिसरमा सरसफाई



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय सरसफाइ सप्ताहको अवसरमा वीरगंज महानगरपालिका र ग्रिनिसिटी सामुदायिक प्रहरी सेवा केन्द्रको संयुक्त आयोजनामा घण्टाघर परिसरमा बृहत् सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ।

सङ्घीय सरकारको आह्वानमा देशभर सञ्चालन भइरहेको सप्ताहव्यापी सरसफाइ अभियानअन्तर्गत वीरगंजमा पनि सरसफाइ गतिविधिलाई तीव्रता दिइएको जनाइएको छ। ग्रिनिसिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले स्वच्छ र हराभरा वीरगंज निर्माणका लागि संस्था निरन्तर सक्रिय रहेको बताए।

उनले सरसफाइ अभियान कुनै विशेष अवसरमा मात्र सीमित नभई वर्षभरि सञ्चालन हुँदै आएको जानकारी दिए । वीरगंज महानगरको फोहोरमैला व्यवस्थापनको जिम्मेवारी लिएको एनके इन्टरनेसनल इन्टरप्राइजेजका सञ्चालक शिव गुप्ताले दैनिक रूपमा तीन पटकभन्दा बढी सरसफाइकर्मी परिचालन गरी नगर क्षेत्रको सफाइ गरिँदै आएको बताए।

पछिल्लो एक दशकको तुलनामा वीरगंजको सरसफाइ अवस्थामा उल्लेखनीय सुधार आएको उनको भनाइ छ।

# वीरगंजमा जनचेतनामूलक कार्यक्रम



**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला ट्राफिक प्रहरी कार्यालयको अगुवाइमा विश्व सडक सुरक्षा सप्ताह २०२६ अन्तर्गत आज वीरगंजमा जनचेतनामूलक कार्यक्रम गरिएको छ।

सडक दुर्घटनालाई न्यूनीकरण गर्नका लागि आइतबार वीरगंजको माईस्थान–घण्टाघर क्षेत्रमा जनचेतनामूलक कार्यक्रम गरिएको हो। जिल्ला ट्राफिक कार्यालयका प्रमुख युवराज कटवालले सवारी दुर्घटनालाई न्यूनीकरण गर्दै साइकलयात्री तथा रिक्साचालकलाई लक्षित गरेर जनचेतनामूलक कार्यक्रम गरेको बताए।

सवारी दुर्घटना परेर ज्यान गुमाउनेको संख्या बढिरहेको हुँदा यस्ता जनचेतनामूलक कार्यक्रम गरेर सवारी दुर्घटना न्यूनीकरण गर्नेतर्फ लागिरहेको उनले बताए। सो कार्यक्रममा वडा प्रहरी कार्यालय विर्ता–श्रीपुर र वीरगंज युवा समाजको समन्वयमा सञ्चालन गरिएको हो।

## सम्पादकीय

# राजनीतिक संक्रमण र जनमतको नयाँ दिशा

नेपालको राजनीति यतिबेला एउटा ऐतिहासिक र रोचक मोडमा उभिएको छ, जहाँ दशकौँदेखि जरा गाडेर बसेका परम्परागत शक्ति र सुशासनको नारासहित उदाएका नयाँ शक्तिहरूबीच तीव्र प्रतिस्पर्धा देखिन्छ। विगतमा राजनीतिक अस्थिरता र सत्ताको लुछाचुँडीबाट थकित भएका नेपाली जनताले हालैका निर्वाचनहरूमार्फत एउटा स्पष्ट सन्देश दिएका छन्। पुरानो राजनीतिक ढाँचा र कार्यशैलीप्रति बढ्दो वितृष्णाका बीच नयाँ विकल्पको खोजी हुनु लोकतन्त्रको जीवन्तताको प्रमाण हो। यसै पृष्ठभूमिमा, नेकपा एमाले र अन्य कम्युनिष्ट घटकहरूबीच पुनः एकताको चर्चा हुनुलाई कतिपयले पुरानो विरासत जोगाउने अन्तिम प्रयासका रूपमा हेरेका छन्।

नेपाल कम्युनिष्ट पार्टी र नेकपा एमालेबीचको सम्भावित एकताले फेरि जनतामा उत्साह भर्ला वा निराशा, त्यो एउटा पेचिलो प्रश्न बनेको छ। विगतमा 'नेपाल कम्युनिष्ट पार्टी (नेकपा)' को दुई–तिहाइ नजिकको सरकार आन्तरिक कलह र व्यक्तिगत टकरावका कारण पतन भएको तितो अनुभव जनताको मानसपटलमा अझै ताजा छ। सिद्धान्तभन्दा पनि सत्ता प्राप्ति र रक्षाका लागि गरिने यस्ता एकताहरूले जनविश्वास जित्न निकै कठिन देखिन्छ। यदि यो एकता केवल चुनावी अंकगणित मिलाउन र सत्ताको पुरानो साँचो हात पार्नका लागि मात्रै हो भने, यसले आम नागरिकमा खासै खुसी ल्याउने देखिँदैन, बरु राजनीतिक अविश्वासलाई अझ बढावा दिने खतरा रहन्छ।

जनमतको प्रवाह अहिले विचारभन्दा बढी परिणाम र डेलिभरीतिर मोडिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बहुमतको सरकार र यसले सुशासनका लागि चालेका आक्रामक कदमहरूले जनतामा एउटा नयाँ आशाको सञ्चार गरेको छ। भ्रष्टाचार नियन्त्रण, सेवा प्रवाहमा सुधार र बेथिति विरुद्धको शून्य सहनशीलता जस्ता कार्यहरूले गर्दा सर्वसाधारणको सहानुभूति र समर्थन अहिले नयाँ शक्तिहरूतर्फ ढल्केको देखिन्छ। पुराना दलहरूले गर्ने 'सिद्धान्त' का ठूला कुराभन्दा नयाँ शक्तिले देखाएको 'नतिजा' ले जनमतलाई बढी प्रभावित पारिरहेको छ, जसले गर्दा परम्परागत कम्युनिष्ट किल्लाहरू हल्लिन थालेका छन्। विगतको गुमेको सत्ता र साख फर्काउन कम्युनिष्ट पार्टीहरूले गरिरहेको 'भगिरथ प्रयास' कत्तिको सार्थक होला भन्ने कुरा उनीहरूको रूपान्तरणमा भर पर्छ। सत्ता प्राप्तिको दाउपेचमा मात्र केन्द्रित हुने हो भने पुरानो शक्तिलाई जनताले फेरि उही विश्वास सुम्पिने सम्भावना न्यून छ। रास्वपाको सरकारले सुशासनको क्षेत्रमा जुन आक्रामक शैली अपनाएको छ, त्यसलाई असफल पार्न वा त्यसको विकल्प बन्न कम्युनिष्ट पार्टीहरूले आफ्नो संगठन र कार्यशैलीमा आमूल परिवर्तन गर्न जरुरी छ। केवल संख्यात्मक एकताले मात्रै सुशासनको भोको जनमतलाई तृप्त पार्न सक्दैन।

अन्त्यमा, नेपाली राजनीति अब केवल दलहरूको नाम र झण्डाको आधारमा चल्ने अवस्थामा छैन। जनताले अब आश्वासन होइन, अनुभूति हुने गरी परिवर्तन खोजेका छन्। कम्युनिष्ट पार्टीहरूको एकताको प्रयास सफल हुनका लागि उनीहरूले विगतका गल्तीहरूबाट पाठ सिक्दै जनताको वास्तविक आवश्यकतासँग जोडिनु पर्छ। अर्कोतर्फ, नयाँ शक्तिहरूले पनि आफ्नो बहुमतको दम्भभन्दा माथि उठेर विधिको शासनलाई संस्थागत गर्नुपर्ने चुनौती छ। आगामी दिनको राजनीतिले यो स्पष्ट गर्नेछ कि नेपालमा 'पुरानो विरासत' को पुनरागमन हुन्छ वा 'नयाँ युग' को स्थायी सुरुवात।

# मदन भण्डारीसितको अन्तिम भेट



– ईश्वर पोखरेल

मैले २०३५ साल असारको अन्तिम दिन पहिलोपटक मदन भण्डारीलाई भेटेको थिएँ। तर, २०५० साल जेठ १ गते बिहान साढे आठ बजेपछि उहाँसित कहिल्यै भेट हुन सकेन। उहाँ कहिल्यै भेट नहुने गरी हामीलाई सधैँका लागि छोडेर जानुभयो। २०५० साल जेठ ३ गतेको षड्यन्त्रपूर्ण दुर्घटनामा परी उहाँ आफ्ना घनिष्ठ सहयोद्धा जीवराज आश्रितसहित भौतिक रूपले नै हामी सबैबाट सदाका लागि बिदा हुनुभएको थियो।

यसरी, चौध वर्ष दस महिना (झन्डै १५ वर्ष) मदनसितको निरन्तरको सम्बन्ध–सम्पर्कमा, उहाँसितको मित्रता र सामीप्यमा, अझ सबैभन्दा महत्त्वपूर्ण कुरा आपसी विश्वास र आत्मीयतामा, एउटै कमिटीका सदस्य र सहयोद्धाका रूपमा मैले मदनसितै रहने अवसर पाएको थिएँ। २०३५ साल साउन ४–९ मा धनुषा जिल्लाको कचूरी गाउँमा आयोजित तत्कालीन 'को–अर्डिनेशन केन्द्र' को तेस्रो सम्मेलनमा उहाँले 'केन्द्रीय नेतृत्व' मा जिम्मेवारी पाउनुभएको थियो। २०५० साल जेठ ३ गते शहादत प्राप्त गर्ने बेलासम्म, जम्मा ४२ वर्षको उमेरमा उहाँले नयाँ शक्तिका रूपमा उदाउँदै गरेको कम्युनिस्ट पार्टीको अत्यन्त लोकप्रिय महासचिव तथा मुलुककै चर्चित र उदीयमान नेताको स्थान बनाइसक्नुभएको थियो।

म त्यसबेला केन्द्रीय कार्यालयको सचिव थिएँ। धेरैले मलाई मदनले विशेष विश्वास गरेको केन्द्रीय सदस्यका रूपमा पनि बुझ्थे। किनभने, जनकपुर अञ्चलको पार्टी प्रमुख भएर काम गरिरहेको मलाई केन्द्रीय कार्यालयमा काम राम्ररी नभइरहेको महसुस गरी कार्यालय सम्हाल्न सक्ने जिम्मेवार व्यक्तिको खोजी गर्ने सिलसिलामा मदनले नै विशेष जोड दिएर केन्द्रीय कार्यालयको सचिवको जिम्मेवारीमा ल्याउनुभएको थियो। (यो प्रसङ्गलाई अहिले पनि त्यसबेला कार्यालयमा उपसचिवका रूपमा काम गर्नुहुने झापा आन्दोलनका एक सक्रिय नेता मनकुमार गौतमले अत्यन्त रोचक ढङ्गले सुनाउने गर्नुहुन्छ।)

केही दिनको काठमाडौँ बाहिरको काम सकेर म केन्द्रीय कार्यालय रहेको बागबजार पुगेको थिएँ। सोचेको थिएँ– त्यहाँ मदनलाई भेटेर बाहिरका सूचनाहरूका आधारमा पार्टी कामको स्थितिका बारेमा सविस्तार जानकारी गराउँला। तर, त्यो हुन सकेन। उहाँ कतै विशेष कार्यक्रममा जानुभएको थियो। राति पनि उहाँसित सम्पर्क हुन सकेन। बिहानै सम्पर्क गर्नुपर्ला भन्ने सोचेको थिएँ, तर उठ्न केही ढिला भएछ। बिहानै मदनले गर्नुभएको फोनको घण्टीले मलाई ब्युँझायो। "कतिबेला बाहिरबाट आउनुभयो? केही जरुरी सल्लाह गर्नुछ। अहिले नै मैले पोखरा हिँडिहाल्नुपर्ने भएकाले तपाईं जतिसक्दो चाँडो आइहाल्नुस् न !" यति भनेपछि उहाँले अरू धेरै कुरा गर्न चाहनुभएन र फोन राखिहाल्नुभयो।

मलाई भने मनभित्र कताकता मदन कतै घाइते अवस्थामा भए पनि जीवितै भेटिनुहुन्छ कि भन्ने लागिरहेको थियो। दुर्घटना भएको झण्डै ३९ घण्टापछि, जेठ ५ गते बिहान साढे आठ बजे, झण्डै ३२ किलोमिटर टाढा गुञ्जनगरको गाजीपुरमा नारायणी नदीको किनारमा मदनको शव भेटिएको खबर फैलियो।

म त्यसबेला ज्ञानेश्वर चोक नजिकै एउटा घरको भुइँतलामा डेरा गरी बसेको थिएँ भने मदन नक्साल, चारढुङ्गेमा बस्नुहुन्थ्यो। मैले हतार–हतार बिहानका नित्यकर्म सकेर नक्साल पुग्दा झन्डै साढे आठ बजेको थियो। त्यसबेला, २०४८ सालको आम निर्वाचनमा नेपाली कांग्रेसले प्रतिनिधि सभामा बहुमत प्राप्त गरेको थियो र त्यसले कांग्रेसमा भनी नसक्नुको उन्माद जन्माइदिएको थियो। उसमा देखा परेको सर्वसत्तावादी चिन्तन र व्यवहारका कारण, खासगरी नेकपा (एमाले) प्रमुख प्रतिपक्षी पार्टी बनेको यथार्थलाई स्वीकार गर्न नसक्ने र मान्यतासमेत दिन नचाहने व्यवहारका कारण राजनीतिक मुठभेडको स्थिति बनेको थियो।

विचारमा उग्रवामपन्थी अतिवादबाट प्रभावित हुँदै आएको पृष्ठभूमि र स्थानीय रूपमा क्रान्तिकारी वर्ग–संघर्षको व्यवहारमा योग्यतापूर्वक भूमिका खेल्दै आएको शक्ति भएका कारण र मदन भण्डारीजस्तो सशक्त र लोकप्रिय नेता आफूसित भएका कारण तत्कालीन नेकपा (एमाले) को पार्टी पंक्ति अरिङ्गालको गोलो भएर शत्रु वा विरोधीहरूमाथि जाइलाग्ने मानसिकता बोकेर उभिएको थियो। यस्तो अवस्थामा भर्खर प्रारम्भ भएको संसदीय राजनीति नराम्ररी मुठभेडतर्फ धकेलिँदै थियो। कांग्रेस सरकारका पालामा भएको दमन, सत्ताको दुरुपयोग र भ्रष्टाचार आदिका कारण कांग्रेसविरोधी जनभावना बढिरहेको थियो।

यिनै विषयमा तत्कालीन नेकपा (एमाले) द्वारा देशव्यापी रूपमा पार्टी परिचालन र विरोध सभाहरू आयोजना गरिएका थिए। प्रायः ती प्रत्येक सभाहरूमा मदन भण्डारी आफ्ना सशक्त विचारलाई ओजस्वी र प्रभावकारी भाषणका माध्यमबाट जनतासमक्ष पु¥याउन सम्पूर्ण शक्तिका साथ लाग्नुभएको थियो।

त्यो अवधिमा मदनको प्रभाव र प्रतिष्ठाले शिखर चुम्दै थियो। एमाले पंक्ति र आम जनतामा मदनप्रतिको आकर्षण अभूतपूर्व रूपले बढ्दै गएको थियो। बढ्दो लोकप्रियताकै बीचमा उहाँका बारेमा अनेक अपशकुनले भरिएका सूचना र रहस्यमय समाचारहरू पनि सार्वजनिक हुन थालेका थिए। मदनको लोकप्रियता र प्रतिष्ठाका कारण उहाँलाई नजिकबाट अनुभूत गर्न टाढा–टाढाबाट समर्थक, शुभचिन्तक मात्र होइन, आम जनतासमेत मदन पुग्नुभएका ठाउँमा पुग्ने गर्थे।

यही अभियानको सिलसिलामा २०५० साल जेठ २ गते पार्टीको कास्की जिल्ला अधिवेशनको उद्घाटनमा प्रमुख अतिथिका रूपमा मदन त्यता जान लाग्नुभएको थियो। एक दिन अगाडि अर्थात् जेठ १ गते जीवराज आश्रित मदनले चढ्ने गर्नुभएको बा. अ. च. ८७९३ नं. को गाडीबाट पोखरा जानुभएको थियो। जेठ १ गते काठमाडौँमै विशेष कार्यक्रम भएका कारण मदनले त्यो दिन पोखरा नगई भोलिपल्ट जेठ २ गते जहाजबाट जाने निर्णय गर्नुभएको थियो।

पोखराका लागि हिँड्नुभन्दा पहिले उहाँले लगभग एक महिनाको कार्यक्रमबारे मलाई नोट गराउनुभएको थियो। (२ जेठ पोखराबाट सुरु भएर चितवन, तेह्रथुम, धनकुटा, विराटनगर, सुनसरी, सिरहा र तनहुँ आदि जिल्लाहरूमा जेठ २६ गतेसम्मका लागि तय गरिएका विभिन्न कार्यक्रमहरूमा प्रमुख अतिथिका रूपमा सहभागी हुने गरी उहाँ हिँड्न लाग्नुभएको थियो)। भेटमा मलाई उहाँले यही जानकारी गराउनुभएको थियो।

गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको तत्कालीन नेपाली कांग्रेसभित्र देखा परिरहेको विकृति वा अलोकतान्त्रिक चरित्र र गतिविधिका विरुद्ध एमालेलगायतका प्रतिपक्षीहरू मात्र नभएर स्वयम् कांग्रेसभित्रै पनि यसको विरोध हुन थालेको थियो, जसको अगुवाइ कांग्रेसकै सर्वोच्च नेता गणेशमान सिंहले गर्नुभएको थियो। यसरी गिरिजाले नेतृत्व गरेको कांग्रेसी सर्वसत्तावादका विरुद्ध एउटा बृहत् मोर्चाबन्दी बनिरहेको थियो, जसमा कांग्रेसभित्रकै नेताहरूको पनि सहभागिता थियो। यही मोर्चाबन्दीको एउटा महत्त्वपूर्ण व्यक्ति मदन भण्डारी पनि हुनुहुन्थ्यो। यही सिलसिलामा मदनको गणेशमानजीसित धेरै पटक भेटघाट र छलफलहरू भएका थिए। मलाई लाग्छ, उहाँहरूका बीचमा केही महत्त्वपूर्ण समझदारीसमेत बनेका थिए।

हामी दुईजना मात्रै भएको लगभग एक घण्टा जतिको त्यो भेटमा उहाँले यही जानकारी तथा अन्य केही सम्भावित विषयहरूतर्फ पनि सङ्केत गर्नुभएको थियो। गणेशमानजीहरूसित त्यसबीच पटक–पटक भएका भेटघाटबारे जानकारी गराउँदै आफू काठमाडौँ बाहिर रहेका बेला मलाई सम्पर्क विन्दुका रूपमा उहाँहरूलाई सम्पर्क गर्न भन्नुभएको थियो। त्यस प्रयोजनका लागि मदनले मेरो कोठाको ल्यान्डलाइन टेलिफोन नम्बर दिनुभएको र कुनै पनि बेला उहाँहरूले सम्पर्क गरेपछि आफूलाई तुरुन्त सूचना गर्न विभिन्न मितिमा आफू पुग्ने ठाउँ र सम्पर्क गर्नुपर्ने व्यक्तिबारे विवरणसहितको एउटा टिपोट दिनुभएको थियो।

मैले त्यसबेला मदनले भन्नुभएका सबै विषयलाई गम्भीरताका साथ सुनिरहेँ, आवश्यक कुराहरू नोट गरेँ र केही जिज्ञासा पनि राखेँ। यी सबै कुराका बारेमा जानकारी गराइरहँदा मदन गम्भीर देखिनुहुन्थ्यो। त्यसबेला मेरो मनमा 'यी सबै कुरा अरू नेताहरूलाई थाहा छ कि छैन होला?' भन्ने लागेको थियो। तर पनि मैले मदनलाई यो प्रश्न गरिनँ। उहाँले नै बरु भन्नुभएको थियो– "यी धेरै गम्भीर र दूरगामी महत्त्व राख्ने विषय हुन्, कसैसित पनि यससम्बन्धी कुरा नगर्नुहोला, गोपनीयता बचाउनुहोला, मैले दिएको मेरो कार्यक्रमको चिट पनि सुरक्षित राख्नुहोला।"

हामीबीच कुराकानी सकिनासाथ मदन हिँड्ने तयारीमा लाग्नुभयो। म एकछिन त्यहीँ बसेँ र उहाँले भन्नुभएका कुराहरू मनमा गुनिरहेँ। एकछिनपछि मदन कमरेडलाई शुभ–यात्रा भन्दै म आफ्नो ज्ञानेश्वरको कोठातिर लागेँ। मदन भण्डारीले मलाई गराउनुभएको जानकारी र दिनुभएको त्यो निर्देशन नै मेरो लागि अन्तिम सावित भयो।

त्यो दिनभरि मदनसित भएका कुराहरूले नै मेरो दिमागमा चक्कर काटिरहे। मैले मदनले दिनुभएको कार्यक्रम र समय तालिकालाई दोहो¥याई–तेहे¥याई हेरिरहेँ। ती सबैलाई मैले मेरो दिमागमा राम्ररी 'सेट' गरेँ। त्यसबीचमा मैले कुनै नेतासित पनि मदनसित भएका कुराबारे जानकारी गराइनँ। म एकोहोरो मदन कमरेडलाई सम्झँदै कतैबाट फोन आइहाल्छ कि भनेर ध्यान दिइरहेको थिएँ।

२०५० साल जेठ ३ गते बेलुका साढे चार वा पाँच बजेको थियो होला। म बागबजार केन्द्रीय कार्यालयमै थिएँ। 'अब एकछिनपछि घर जानुपर्ला' भन्ने लाग्दै थियो। त्यसैबेला केन्द्रीय कार्यालयका लेखा शाखा प्रमुख लेखनाथ कोइरालाले अत्तालिँदै आएर एउटा सूचना दिनुभयो। उहाँको सूचनापछि म हतप्रभ भएँ। मदन र जीवराज आश्रित चढ्नुभएको गाडीका चालक अमर लामाले चितवनबाट फोन गरी 'गाडी दुर्घटना भएर त्रिशूली नदीमा डुबेको, मदन र आश्रित दुवैजना बेपत्ता हुनुभएको र आफू भने बाँचेर नारायणगढ पुगी फोन गरेको' जानकारी आएको रहेछ।

त्यो खबरले मलाई रिँगटा लागेजस्तो भयो। म एक किसिमले अत्तालिएको थिएँ। हतार–हतार जता–जता फोन लाग्यो, त्यतै फोन गर्न थालेँ। कार्यालय उपसचिव मनकुमार गौतमलाई पनि फोन गर्न लगाएँ। एकैछिनमा प्रदीप नेपाल, राधाकृष्ण मैनाली, सि.पी. मैनाली लगायतका नेताहरू कार्यालय पुग्नुभयो। कार्यकर्तासँगै आम मानिसहरूको पनि भीड लाग्न थाल्यो। निर्मल लामा, कांग्रेस नेत्री लीला कोइरालालगायत अन्य विभिन्न पार्टीका नेता–कार्यकर्ताहरू पनि आउन थाले।

हामी पार्टी अफिसको कोठामा चिन्तित हुँदै समन्वय गर्ने कोसिस गरिरहेका थियौँ। (त्यसबेलाको एउटा प्रसङ्ग म अहिले पनि बिर्सन सक्दिनँ– पार्टीका केही जिम्मेवार साथीहरू त्यस्तो बेला पनि अफिसमा आएका थिएनन् वा आएर पनि एकछिन यताउती गरेर घरमा सुत्न गएका थिए। यस्तो अशोभनीय र कृतघ्न व्यवहार देखेपछि राधाकृष्ण मैनालीले फोनबाटै त्यस्ता नेताहरूलाई हकार्नुभएको थियो।) हामी रातभरि चिन्ताको पोखरीमा डुबेर अफिसमै बस्यौँ। काठमाडौँदेखि मुग्लिन र नारायणघाटसम्मको सडकभरि मदनको खोजीमा निस्केका मानिसहरूको भीड बढिरहेको थियो। सबैजना दुर्घटनास्थल दासढुङ्गा पुग्न हतारिएका थिए। मैले राति नै मेरो डेराबाट श्रीमती मीरालाई चिन्तामा पर्नुभएकी विद्याजीको रेखदेखका लागि जान निर्देशन दिइसकेको थिएँ।

हामीले रातभरि झिमिक्कै नगरी बितायौँ। सुरक्षा क्षेत्रका गोताखोर, क्रेन र नेताहरूको टोली दुर्घटनास्थलतर्फ गयो। वृद्ध अवस्थामा पुग्नुभएका पार्टी अध्यक्ष मनमोहन अधिकारी स्वयं भोलिपल्ट दुर्घटनास्थल पुगेर त्रिशूली नदी किनारका बगर र बुट्यानहरूमा मदनको कुनै सङ्केत पाइन्छ कि भनेर खोज्दै हिँड्नुभयो। मदनको केही सङ्केत नपाएपछि उहाँ डाँको छोडेर रुनुभएको थियो– "म बुढो बाँचेकै छु, तिमी कहाँ गयौ नि मेरो कमरेड !" मनमोहनले मन थाम्न नसकेको त्यो दृश्यले सबैलाई रुवाएको थियो।

मलाई भने मनभित्र कताकता मदन कतै घाइते अवस्थामा भए पनि जीवितै भेटिनुहुन्छ कि भन्ने लागिरहेको थियो। दुर्घटना भएको झण्डै ३९ घण्टापछि, जेठ ५ गते बिहान साढे आठ बजे, झण्डै ३२ किलोमिटर टाढा गुञ्जनगरको गाजीपुरमा नारायणी नदीको किनारमा मदनको शव भेटिएको खबर फैलियो। तत्कालीन जिल्ला कमिटी सदस्य हरि सापकोटाले शवको सनाखत गर्नुभएको थियो। मदनको शव निकाल्दा उहाँको अनुहारमा गम्भीर चोटहरू लागेको अनौठो अवस्था देखिएको थियो। मदनले लामो बाहुला भएको सर्ट र दुवै खुट्टामा मोजा लगाएको तर छालाको बेल्टले कसिएको पाइन्ट भने नभएको (गायब भएको) अवस्थामा शव भेटिएको थियो। बेल्टसहितको पाइन्ट गायब हुनु अत्यन्त अस्वाभाविक थियो।

शव भेटिएपछि मदन जीवितै भेटिनुहोला भन्ने आशा मेटियो। उहाँ हामीबाट भौतिक रूपमा सदाका लागि बिदा हुनुभयो। मदनको निधनमा एमाले पंक्ति शोकमा डुबेको थियो, तर त्यही पंक्ति शोकलाई शक्तिमा बदल्ने अठोटका साथ अघि बढ्न संकल्पबद्ध पनि थियो। यसरी जननेता मदन भण्डारीसितको १४ वर्ष १० महिनाको सहयात्रा कहिल्यै नबिर्सिने गरी स्मृतिमा सुरक्षित रहनेछ। मदन भण्डारीको मौलिक र गतिशील विचारको रक्षा गर्दै सिर्जनशील ढङ्गले अगाडि बढ्नु नै उहाँप्रति सच्चा श्रद्धाञ्जली हुनेछ। ३३ औं मदन–आश्रित स्मृति दिवसको अवसरमा आदरणीय नेताहरूप्रति हार्दिक श्रद्धासुमन !

## साहित्यिक तथा पर्यटन महोत्सवः

# पर्यटन प्रवर्द्धनमा जोड

**केदार मगररररासस**

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेलबजारमा 'तेस्रो बृहत् खोटाङ–हलेसी खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सव–२०८३' सुरु भएको छ। नेपाल खेलकुद प्रतिष्ठान खोटाङ र नेपाल सितोरियो कराते सङ्घ खोटाङको आयोजनामा आजदेखि सुरु भई जेठ ९ गतेसम्म सञ्चालन हुने महोत्सवको उद्देश्य पर्यटन प्रवद्र्धन रहेको छ।

खेलकुदका माध्यमबाट खोटाङलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा परिचित गराउँदै पर्यटन प्रवद्र्धन गर्ने, स्थानीय खानाको प्रवद्र्धन गर्ने र क्षमतावान् खेलाडी उत्पादन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको आयोजक खेलकुद प्रतिष्ठानका अध्यक्ष सञ्जयकुमार राईले जानकारी दिनुभयो।

'खेलकुदका माध्यमबाट जिल्लालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा परिचित गराउँदै पर्यटकीय जिल्लाका रूपमा विकास गर्न तेस्रो पटक महोत्सव आयोजना गरेका हौँ। छ दिनसम्म सञ्चालन हुने महोत्सवले जिल्लाको पर्यटन प्रवद्र्धनमा सहयोग पुर्याउने छ,' उहाँले भन्नुभयो।

महोत्सवको पहिलो दिन दौड प्रतियोगिता आयोजना गरिएको छ। प्रतियोगितामा बालबालिका, वृद्धवृद्धा, युवा सबैको उत्साहजनक सहभागिता रहेको आयोजकले जनाएको छ। सन् २०५० भित्र ओलम्पिक पदक जित्ने खेलाडी जिल्लामा उत्पादन गर्ने लक्ष्य राखिएको उहाँले उल्लेख गर्नुभयो।

महोत्सवमा एथलेटिक्स, खुला पुरुष बुद्धिचाल र साहित्यिक प्रतियोगिता आयोजना गरिएको खेलकुद प्रतिष्ठान खोटाङका सचिव मिलन कसजूले बताउनुभयो। उहाँका अनुसार जिल्लाका दशवटै स्थानीय तह र शुभेच्छुकको आर्थिक सहयोगमा आयोजना गरिएको महोत्सवमा देशभरका धावक, साहित्यकार तथा खेलाडीको सहभागिता छ।

आज एथलेटिक्स विद्याअन्तर्गत दौड प्रतियोगिता आयोजना गरिएको जनाउँदै उहाँले यसअन्तर्गत जिल्लाभित्र र बाहिरका गरी ७५५ जना धावक सहभागी भएका उल्लेख गर्नुभयो। सचिव कसजुका अनुसार १५ वर्षभन्दा माथिका १० किलोमिटर खुला दौड प्रतियोगिताको महिलातर्फ खोटाङकी दीपा बस्नेत प्रथम, रणभीम गण मुडे ब्यारेककी जानुका राउत द्वितीय र मनिता खड्का तृतीय भएकी छन्। पुरुषतर्फ ताप्लेजुङका अमीर लिम्बू प्रथम, खोटाङका जगेन्द्र राई द्वितीय र सोलुखुम्बुका रुद्रधन कुलुङ तृतीय भएका छन्।

उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः नगद १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ, सात हजार रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्। विजयी धावकलाई नगरप्रमुख तीर्थराज भट्टराई, प्रमुख जिल्ला अधिकारी रेखा कँडेल, सुरक्षा प्रमुखलगायतले पुरस्कार वितरण गर्नुभयो। पैँतीस वर्षमाथिका राजनीतिज्ञ, जनप्रतिनिधि, पत्रकार, कर्मचारी, शिक्षक र व्यवसायीका लागि सात किमी दौड प्रतियोगितामा उदयपुरका अनन्त राई प्रथम, सुनसरीका विमानसिंह तामाङ द्वितीय र खोटाङका शिवप्रसाद राई तृतीय भएका छन्। प्रथम, द्वितीय र तृतीयले क्रमशः १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ र सात हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन्।

आमाहरूका लागि पाँच किमी दौडमा जमुना कटवाल प्रथम, रोजना राई द्वितीय र भीमकुमार आचार्य तृतीय भएकी छन्। यसअन्तर्गत प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः पाँच हजार ५ सय ५५ रुपैयाँ, चार हजार ४ सय ४४ रुपैयाँ र तीन हजार ३ सय ३३ रुपैयाँ पुरस्कार प्राप्त गरेका आयोजकले जनाएको छ।

पन्ध्र वर्षमुनिका छात्रछात्राका लागि आयोजित सात किमी दौडमा छात्रतर्फ सम्पत राई प्रथम, न्यूजल राई द्वितीय र धीरज राई तृतीय भएका छन्। छात्रातर्फ अस्मिता कटवाल प्रथम, लक्ष्मी राई द्वितीय र कविता आचार्य तृतीय भएकी छन्। त्यस्तै, १२ वर्षमुनिका छात्रछात्रा तीन किमी दौड प्रतियोगिताअन्तर्गत छात्रतर्फ निशान केसी प्रथम, दर्शन राई द्वितीय र यञ्जल राई तृतीय भएका छन् भने छात्रातर्फ मन्दिरा श्रेष्ठ प्रथम, एलिसा कटवाल द्वितीय र रक्षा विश्वकर्मा तृतीय भएकी छन्।

आयोजकका अनुसार १० वर्षमुनिका छात्रछात्राका लागि एक माइल दौडमा छात्रतर्फ जालपा माविका अनिल राई प्रथम, श्री मावि बाँस्बोटेका अजय श्रेष्ठ द्वितीय, दिक्तेल बोर्डिङ स्कुलका रविशन खत्री तृतीय भएका छन्। दश वर्षमुनिका छात्रातर्फ जालपा माविका अपेक्ष राई प्रथम, सरस्वती मावि दिक्तेलकी युना राई द्वितीय र श्री मावि बाँस्बोटेकी श्रद्धा राई तृतीय भएकी छन्।

दिक्तेल बजारस्थित मानव अधिकार चोकलाई केन्द्र मानेर आयोजना गरिएको प्रतियोगितामा ५५ वर्षभन्दा माथिका पुरुषका लागि दुई किमी दौड प्रतियोगिता आयोजना गरिएको थियो। उक्त दौडमा धनीराम राई प्रथम, विचारी तामाङ द्वितीय र वुद्धवीर लामा तृतीय भएका छन्। यसमा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः पाँच हजार ५ सय रुपैयाँ, चार हजार ५ सय रुपैयाँ र दुई हजार ५ सय रुपैयाँ प्राप्त गरेका छन्।

बाह्र वर्षदेखि १५ वर्षमुनिका छात्रछात्राका लागि सात किमी दौडमा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः सात हजार ५ सय रुपैयाँ, छ हजार ५ सय रुपैयाँ र पाँच हजार ५ सय रुपैयाँ प्राप्त गरेका छन् भने १० वर्षमुनिका छात्रछात्राका लागि एक माइल दौडमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः तीन हजार रुपैयाँ, दुई हजार रुपैयाँ र एक हजार रुपैयाँ नगदसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ।

खुला बुद्धिचाल प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, चौथो, पाँचौँ, छैटौँ र सातौँ हुनेले क्रमशः २५ हजार रुपैयाँ, १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ, आठ हजार रुपैयाँ, सात हजार रुपैयाँ र पाँच हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र पाउनेछन्। बुद्धिचाल प्रतियोगिता यही जेठ ६ गते र साहित्यिक प्रतियोगिता जेठ ९ गते आयोजना गरिने खेलकुद प्रतिष्ठानका अध्यक्ष राईले जानकारी दिनुभयो।

साहित्यतर्फ ख्यातिप्राप्त साहित्यकारबीच आ–आफ्ना सिर्जना सुन्ने, सुनाउने कार्यक्रम राखिएको छ। नेपाल प्रज्ञा–प्रतिष्ठानसँगको सहकार्यमा आयोजना गरिने साहित्यिक महोत्सवमा कविता, गजल र मुक्तक सुन्ने, सुनाउने कार्यक्रम राखिएको उहाँले बताउनुभयो।

महोत्सव सम्पन्न गर्न ३० लाख १३ हजार २ सय ३२ रुपैयाँ बजेट लाग्ने अनुमान गरिएको आयोजक सितोरियो कराते सङ्घ खोटाङका अध्यक्ष सुमन राईले जानकारी दिनुभयो। महोत्सवका लागि जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राईको संयोजकत्वमा मूल आयोजक समिति गठन गरेर कार्यक्रम सञ्चालन गरिएको हो।

महोत्सव उद्घाटनको अवसरमा आयोजकले पत्रकार सविना अछामे परियारलाई ११ हजार १ सय ११ रुपैयाँ नगदसहित पुरस्कृत गरेको छ। समापनको अवसरमा विभिन्न विद्यामा महत्वपूर्ण योगदान गर्ने पाँच जना व्यक्तिलाई नगदसहित सम्मान गर्ने कार्यक्रम रहेको प्रतिष्ठानका अध्यक्ष राईले जानकारी दिनुभयो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# युवा स्वरोजगार कोषको ६७ करोड कर्जा असुल भएन




**काठमाडौँ ।**
युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट लगानी गरिएकामध्ये भाखा नाघिएको ऋणवापतको ६७ करोड १९ लाख ६४ हजार असुल गर्नुपर्ने देखिएको छ ।
महालेखा परीक्षकको ६३औँ वार्षिक प्रतिवेदन, २०८३ ले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सहुलियत) नियमावली, २०७७ को नियम १६ मा कर्जा लागानी गर्ने व्यवस्थाअनुसार कोष र ऋणीबीच ऋण सम्झौताको शर्त अनुसार साँवा र ब्याज समयमा नआउँदा हर्जनासमेत गरी सो रकम असुल गर्नुपर्ने देखाएको हो ।
कोष र ऋणीबीच पाँचवर्षे लगानी सम्झौता हुँदा ऋण अवधि ४२ महिना रहने र सम्झौताअनुसार समयमा किस्ता नबुझाउँदा रकमको थप दुई प्रतिशत ब्याज लाग्ने व्यवस्था छ ।
कोषको २०८२ असार मसान्तसम्म दुई अर्ब ३३ करोड ९४ लाख ५६ हजार कर्जाको साँवा बक्यौता देखिएको छ । तीमध्ये कोषको अभिलेखअनुसार ४३२ सहकारी संस्थाबाट ५७ करोड ९७ लाख १८ हजार साँवा तथा ब्याज रू आठ करोड ४६ लाख ९८ हजार र हर्जाना २३ लाख ८२ हजार कर्जा असुल गर्नुपर्ने देखिएको प्रतिवेदनमा उल्लेख छ ।रासस

# कीर्तिमानी आरोहीप्रति प्रधानमन्त्रीले गरे सम्मान



**काठमाडौँ ।**
प्रधानमन्त्री बालेन शाहले ३२औँ पटक सगरमाथाको सफल आरोहण गरेका कामीरिता शेर्पा र ११औँ पटक सगरमाथा आरोहण गर्ने लाक्पा शेर्पालाई बधाई तथा उच्च सम्मान व्यक्त गरेका छन् ।
सामाजिक सञ्जालमार्फत शाहले आरोहीहरूको यो सफलताले नेपालको पर्वतीय पर्यटनलाई अझ बढी विश्वसनीय, गौरवपूर्ण र आकर्षक बनाउँदै अन्तर्राष्ट्रिय जगत्मा नेपालको पहिचानलाई अझ उज्यालो बनाउने विश्वास व्यक्त गरेका छन् ।
शेर्पाले आइतबार बिहान १०/१२ बजे सगरमाथाको ३२औँ पटक सफल आरोहण गर्दै आफ्नै पुरानो कीर्तिमान तोडेका हुन् ।
'विश्वको सर्वोच्च शिखर सगरमाथा केवल एउटा भौगोलिक उचाइको अवयव मात्रै होइन, नेपालको आत्मसम्मान, साहस, धैर्य र हिमाली सभ्यताको सर्वोच्च प्रतीक हो । यही गौरवशाली हिमालमाथि आज नेपाली आरोहीहरूले पुनः इतिहास लेखेका छन्' – प्रधानमन्त्री शाहले उल्लेख गरेका छन् ।
यस्तै, लाक्पा शेर्पाले आज बिहान ११औं पटक सगरमाथा आरोहण गर्दै महिला आरोहीमध्ये सबैभन्दा धेरैपटक सगरमाथा आरोहण गर्ने विश्व कीर्तिमान कायम गरेकी छन् ।
'निरन्तरको अदम्य साहस, कठोर आत्मअनुशासन र कर्मप्रतिको इमान्दार समर्पणले मात्रै यस्तो ऐतिहासिक सफलता प्राप्त हुन सक्दछु,' प्रधानमन्त्री शाहले उल्लेख गरेका छन्, 'खुसीको यो क्षणलाई सबैजनासँग साझा गर्दै दुवै जना आरोहीलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।' नेपालको पर्वतारोहण इतिहासमा शेर्पा समुदायको योगदान असाधारण र अनुपम रहेको उनको भनाइ छ ।

# कमजोरी स्वीकार्दै जनतासमक्ष प्रस्तुत हुन उपाध्यक्ष पौडेलको आग्रह



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले आफ्ना तर्फबाट भएका भूल–त्रुटि र गल्ती–कमजोरीहरू स्वीकार गर्दै जनतासमक्ष आत्मालोचक भएर प्रस्तुत हुन एमाले पङ्क्तिलाई आग्रह गरेका छन् ।
तेत्तिसौँमदन–आश्रित स्मृति दिवसका अवसरमा उपाध्यक्ष पौडेलले जनताको बहुदलीय जनवादको मर्मलाई ठीक ढङ्गले आत्मसात् गर्दै गुमेको जनताको विश्वास पुनः प्राप्त गर्न र नेकपा (एमाले)लाई राष्ट्रिय राजनीतिको निर्णायक शक्तिको भूमिकामा पुनःस्थापित गर्न दृढ सङ्कल्प गर्नुपर्नेमा जोड दिए ।
यतिबेला नेपाली कम्युनिष्ट आन्दोलन इतिहासकै सबैभन्दा ज्यादा अप्ठ्यारो मोड र रक्षात्मक अवस्थामा आइपुगेको छ । हामीले राष्ट्रिय राजनीति र पार्टीको आन्तरिक जीवनमा जनताको बहुदलीय जनवादबाट ठीक ढङ्गले निर्देशित हुन सक्यौँ वा सकेनौँ भनेर वस्तुनिष्ठ समीक्षा गर्न विलम्ब भइसकेको छ, उपाध्यक्ष पौडेलले भनेका छन् । रासस

# मदन–आश्रितको योगदान स्मरण गर्दै भण्डारीले भनिन्ः वर्तमान चुनौतीको सामना गर्न त्याग र समर्पण अपरिहार्य

**काठमाडौं ।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले जननेता मदन भण्डारी र जीवराज आश्रितको योगदानले नेपाली कम्युनिष्ट आन्दोलनलाई जनतामाझ स्थापित गर्न ऐतिहासिक भूमिका खेलेको बताएकी छन् ।
मदन–आश्रितको ३३औँ स्मृति दिवसका अवसरमा श्रद्धाञ्जली व्यक्त गर्दै भण्डारीले जननेता मदन भण्डारीद्वारा प्रवर्तित 'जनताको बहुदलीय जनवाद (जबज)' ले लोकतान्त्रिक माध्यमबाट सामाजिक न्याय, समृद्धि र रूपान्तरणको मार्गदर्शन गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) लाई जनताको भरोसायोग्य राजनीतिक शक्तिका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख सामाजिक सञ्जालमा उल्लेख गरेकी छन् ।
उनले मदन भण्डारी र जीवराज आश्रितले कम्युनिष्ट आन्दोलनप्रति जनताको माया, विश्वास र समर्थन जुटाउँदै आन्दोलनलाई सफलताको उचाइमा पु¥याउन अभूतपूर्व योगदान दिएको उनको भनाई छ ।



'मदन–आश्रितले कम्युनिष्ट आन्दोलनप्रति जनताको अपार माया, विश्वास र समर्थन जुटाउँदै आन्दोलनलाई सफलताको सिँढी चढाउन अभूतपूर्व योगदान गर्नुभएको थियो । जननेता मदन भण्डारीद्वारा प्रवर्तित 'जनताको बहुदलीय जनवाद (जबज)'ले लोकतान्त्रिक माध्यममार्फत मुलुकमा सामाजिक न्याय, समृद्धि र रूपान्तरणको मार्गदर्शन गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले)लाई जनताको भरोसायोग्य राजनीतिक शक्तिका रूपमा स्थापित गर्न ऐतिहासिक भूमिका निर्वाह गरेको छ,' उनले भनेकी छन् ।
पूर्वराष्ट्रपति भण्डारीले वर्तमान चुनौतीहरूको सामना गर्न सुदृढ सांगठानिक एकता, नेता–कार्यकर्ताको सक्रियता, त्याग र समर्पण अपरिहार्य रहेको धारणा व्यक्त गरिन् । उनले जनअपेक्षा, सुधारप्रतिको चाहनालाई ध्यानमा राख्दै पार्टी र जनता बिचको सम्बन्धलाई थप मजबुत बनाउन आवश्यक रहेको बताइन् । यसैगरी, सिद्धान्त र व्यवहारबिच तालमेल मिलाउँदै जनविश्वास आर्जन गर्न निरन्तर प्रयास गर्नु पर्ने भनाइ राखेकी छन् ।
'अहिले देखिएका चुनौतीहरूको सामना गर्नेका लागि महत्वपूर्ण सर्त भनेको सुदृढ सांगठानिक एकता, नेता–कार्यकर्ताको सक्रियता, त्याग र समर्पण अपरिहार्य छन् । साथै जनअपेक्षा, सुधारप्रतिको चाहनालाई ध्यानमा राख्दै पार्टी र जनता बिचको सम्बन्धलाई थप मजबुत बनाउन आवश्यक छ । जनताको विश्वास नै कुनै पनि राजनीतिक शक्तिको सबैभन्दा ठूलो शक्ति हो भन्ने सत्यलाई आत्मसात् गर्दै यसलाई अझ मजबुत बनाउनु पर्दछ,' उनले भनिन् ।
भण्डारीले जननेता मदन भण्डारीले अघि सारेको जनमुखी राजनीति, वैचारिक स्पष्टता, राष्ट्रिय स्वाभिमान र लोकतान्त्रिक प्रतिबद्धताको मार्ग आज पनि उत्तिकै सान्दर्भिक रहेको बताकी छन् । उनले मदन–आश्रित स्मृति दिवसले लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका लागि अझ जिम्मेवार भएर अघि बढ्न प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरेकी छन् ।
उनले भनेकी छन्, 'जननेता मदन भण्डारीले देखाउनुभएको जनमुखी राजनीति, वैचारिक स्पष्टता, राष्ट्रिय स्वाभिमान र लोकतान्त्रिक प्रतिबद्धताको मार्ग आज पनि उत्तिकै सान्दर्भिक छ । मदन–आश्रित स्मृति दिवशले हामीलाई लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका लागि अझ जिम्मेवार भएर अघि बढ्न प्रेरणा प्रदान गरोस् ।'

# सर्वदलीय सहमतिमा मात्र प्रदेश सरकारमा जानेः दाहाल




**वीरेन्द्रनगर ।**
नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेशमा सर्वदलीय सहमतिमा सरकार गठन भएमात्र आफ्नो दल त्यसमा सहभागी हुने बताएका छन् ।
प्रेस सेन्टरले आइतबार वीरेन्द्रनगरमा आयोजना गरेको पत्रकार भेटमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)सँग मिलेर सरकार गठन गर्ने पक्षमा आफू नरहेको स्पष्ट पारे ।
मधेसवादी दलसहित सबै दलको सहमतिमा संयुक्त सरकार बनेमा मात्र हाम्रो दल सरकारमा जान्छ, उनले भने, कांग्रेस र एमालेबाट अलग–अलग सरकार निर्माणको प्रस्ताव आएको थियो त्यसलाई मैले अस्वीकार गरेको छु ।रासस

## दीर्घकालीन योजनामा

# स्थानीय सरकार केन्द्रित हुनुपर्छः परराष्ट्रमन्त्री

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री शिशिर खनालले अल्पकालीन राजनीतिभन्दा दीर्घकालीन योजनामा स्थानीय सरकार केन्द्रित हुनुपर्ने बताएका छन् । टोखा नगरपालिकाले आइतबार आयोजना गरेको आर्थिक वर्ष २०८३÷८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाका लागि सल्लाह, सुझाव सङ्कलन कार्यक्रममा उनले दीर्घकालीन योजना निर्माणमा स्थानीय सरकार केन्द्रित हुनुपर्ने बताएका हुन् ।
उनले अबको समय राजनीतिक लाभभन्दा माथि उठेर काम गर्ने बेला आएको उल्लेख गरे । अबको २०÷२५ वर्षपछिको पुस्ताले पनि सम्झिने गरी काम गर्ने अवसर अहिलेको स्थानीय तहका जनप्रतिनिधिमा छ, त्यसैले अल्पकालीन राजनीतिभन्दा दीर्घकालीन योजनामा केन्द्रित हुनुहोस्, उनले भने ।
काठमाडौँ क्षेत्र नं ६ का सांसदसमेत रहेका मन्त्री खनालले टोखाको दक्षिणी भेग निकै बाक्लो बस्तीले भरिएको र उत्तरी भेगमा अझै पनि खुला जमिन बाँकी रहेको भन्दै व्यवस्थित सहर निर्माणमा ध्यान दिनुपर्ने बताए । उनले टोखाको ऐतिहासिक नेवारी बस्ती र शनिबार लाग्ने बजारलाई व्यवस्थित गर्दै पर्यटन प्रवद्र्धन गर्न जरुरी रहेको उल्लेख गरे । टोखामा घरबास 'होमस्टे' विकास गर्न सकिने उनको भनाइ थियो ।
मन्त्री खनालले टोखा–छहरे सुरुङ मार्ग विस्तार गर्दा टोखाका धेरै बस्ती मापदण्डका कारण समस्यामा पर्ने भएकाले यसको विकल्प खोज्नुपर्ने बताए । साङ्ला खोला करिडोर र विष्णुमती खोला करिडोरलाई उक्त राजमार्गको वैकल्पिक मार्गका रूपमा विकास गर्दा कम लागत र कम क्षतिमा अन्तरराष्ट्रिय मापदण्डको सडक बनाउन सकिने उनको भनाइ छ । उनले नगरपालिकालाई थप प्रविधिमैत्री बनाउन कर तिर्नेदेखि सामान्य सिफारिस लिने काम घरबाटै गर्न सकिने गरी 'डिजिटल' प्रणाली लागू गर्नुपर्ने बताए ।
बागमती प्रदेशकी सांसद एवम् पूर्वमन्त्री हरिप्रभा खड्गी श्रेष्ठले जनताले स्थानीय सरकारसँग धेरै अपेक्षा गरेको भन्दै आफ्नो स्रोत र साधनले भ्याएसम्म जनतालाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम बनाउनुपर्ने बताए । सांसद श्रेष्ठले विकासको काममा कसैले पनि राजनीति गर्न नहुने उल्लेख गरे । पूर्वमन्त्री डा वंशीधर मिश्रले संविधानले दिएको अधिकारअनुसार कानुन निर्माण गरी कार्यान्वयनमा जानुपर्ने बताए ।
उनले स्थानीयको इच्छा आकाङ्क्षाअनुसार स्थानीय सरकारले काम गर्नुपर्ने उल्लेख गरे । टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले जनताले दिएको राय, सुझाव र सल्लाहलाई ग्रहण गर्दै नगरपालिकाले आगामी वर्षको नीति तथा कार्यक्रम बनाउने उल्लेख गरे ।
नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमल भट्टराईले नगरपालिकाले सामाजिक विकासलाई विशेष प्राथमिकता दिएर काम गरिरहेको बताए ।
उनले नगरपालिकाले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम, स्वास्थ्य जाँचका लागि मेयर दीर्घायु कार्यक्रम, बाल पोषण भत्ता कार्यक्रम, सार्वजनिक जग्गा संरक्षण, विभिन्न खोलामा 'करिडोर' निर्माणलगायत कामहरू गरेको बताए । एक लाख ३७ हजार जनसंख्या भएको टोखामा हाल ११ वडा रहेका छन् । रासस

# म्याग्दीको गाजनेमा व्यावसायिक स्याउखेती



**म्याग्दी ।**
म्याग्दीको बेनी नगरपालिका–५ गाजनेमा जिल्लामै पहिलो पटक व्यावसायिक स्याउखेती सुरु भएको छ । प्रविन कृषि तथा पशुपंक्षी फार्ममार्फत ३० रोपनी खेत र पाखोबारीमा स्याउखेती सुरु गरेको हो । फार्मका सञ्चालक यादव पौडेलले स्याउखेतीको परीक्षण सफल भएपछि व्यावसायिक रुपमा स्याउखेती सुरु गरेको बताए ।
छ वर्ष सरकारी जागिर गरेपछि सात वर्ष इराकमा बिताएका उनले बुटवल र काठमाडौँमा केही समय व्यवसाय पनि गरेका थिए । अहिले घर फर्किएर दुई करोड लगानीमा स्याउ फार्म सुरु गरेको बताए । “अहिले स्याउखेती सुरु भएको छ, आगामी दिनमा ५० रोपनीमा विस्तार गर्ने र कृषि पर्यटनको अवधारणा अनुसार ‘होमस्टे’ सञ्चालनको तयारीमा छु”, उनले भने ।
गाजने समुन्द्री सतहदेखि दुई हजार दुई सय मिटर उचाइमा छ । पौडेलका अनुसार भारतको हिमाञ्चलबाट ‘रेड डेलिसियस’, गाला, ‘जोनाप्रिन्स’, ‘चकलेटी’ जातका स्याउका कलमी बिरुवा ल्याएर गत मङ्सिरमा रोपेका थिए । कलमी बिरुवा भएकाले केही बोटमा यसपालीनै फल लागेको छ । गाजने र धवलागिरी गाउँपालिकाको गुर्जामा घरायसी उपभोगका लागि स्याउ उत्पादन भएपनि व्यावसायिक रुपमा भने पहिलो पटक सुरु गरिएको हो ।
बगैँचामा झारपात उम्रन नदिनका लागि प्लास्टिकको छापो हालेर ‘मल्चिङ’ गरिएको छ । स्याउ लगाइएको खेतमा यसअघि धान, गहुँ, मकै र बारीमा कोदो खेती हुने गरेको थियो । करिब तीन रोपनी पाखोबारी बाँझो थियो । चार वर्ष हुलाकमा काम गरेका ५१ वर्षीय पौडेलले रोजगारीका सिलसिलामा करिब छ वर्ष रुकुममा सहायक लेखापालका रुपमा काम गरेका थिए ।
तलबभत्ताले आफु मात्रै पालिने अवस्था आएपछि सहायक लेखापालको स्थायी जागिर छाडेर इराक गएँ । त्यहाँ छ वर्ष काम गरे, उनले भने । केही समय मासु पसल र केही समय शैक्षिक परामर्श सञ्चालन गरेका उनले २०७७ सालमा २५ लाख लगानी गरेर बोयर जातको बाख्रा पालन गरेका थिए । तर अपेक्षाकृत रुपमा सफलता हात नपरेपछि उनले केही समय भेडापालन पनि गरे । पछिल्लो समय पोखरामा रेष्टुरेष्ट व्यवसाय गरिरहेका छोरा प्रविनको योजना अनुसार आफूले स्याउ खेती सुरु गरेको उनको भनाइ छ । उनले स्याउ खेतीका साथै २५ वटा भेडा, दुई वटा भैसी र एउटा गाई पनि पालेका छन् भने एक जनालाई नियमित जागिर पनि दिएका छन् ।

कृषि पर्यटनको अवधारणा

गाजनेमा रहेको धार्मिक र ऐतिहाँसिक स्थल जगन्नाथ मन्दिर दर्शन तथा गुफाको डाँडाबाट दृष्य अवलोकन गर्न आउने पर्यटकहरुलाई लक्षित गरेर स्याउ बारीसँगै ‘होमस्टे’ सञ्चालन गर्ने योजना रहेको उनले बताए । मन्दिर दर्शनका लागि आएका भक्तजन र गुफाडाँडा घुम्न आउने पर्यटकहरुलाई लक्षित गरी कृषि पर्यटनको अवधारणामा आगामी दसैँदेखि होमस्टे सञ्चालनको लक्ष्य रहेको उनको भनाइ छ । यहाँबाट धौलागिरि, अन्नपूर्ण, निलगिरि, मानापाथी हिमाल, म्याग्दी, पर्वत र बागलुङका बस्तीह देख्न सकिन्छ । तत्कालीन बाइसे चौबिसेअन्र्तगत पर्वत राजको ग्रिमकालीन दरबार रहेको ढोलथान पनि गाजनेको नजिकै पर्छ । रासस

# शहीदहेमनारायण गोल्डकप प्रतियोगिता जेठ ८ गतेदेखि



**सिरहा ।**
सिरहामा यही जेठ ८ गतेदेखि चौथो संस्करणको ‘शहीदहेमनारायण गोल्डकप फुटबल प्रतियोगिता–२०८३’ सञ्चालन हुने भएको छ । स्थानीय सलहेश युवा क्लबको आयोजना, सिरहा नगरपालिकाको मुख्य आर्थिक सहयोग र जिल्ला फुटबल सङ्घ सिरहाको प्राविधिक सहयोगमा प्रतियोगिता सञ्चालन हुन लागेको हो ।
आयोजकले प्रतियोगिताको खेल तालिकासमेत सार्वजनिक गरिसकेको छ । सिरहा नगरपालिका–३ मखनाहास्थित शंकर खेल मैदानमा हुने उद्घाटन खेलमा चात्या सा फुटबल क्लब झापा र गोलबजार युनाइटेड क्लब गोलबजारबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ ।
‘युवाको सम्मान, सलहेश नगरी सिरहाको पहिचान, फुटबल खेल हाम्रो अभियान’ भन्ने नाराका साथ आयोजना हुन लागेको यस प्रतियोगितामा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका गरी आठ टोलीको सहभागिता रहने आयोजक सलहेश युवा क्लबका अध्यक्ष राजीव यादवले जानकारी दिए । उनका अनुसार यस वर्ष केही नयाँ टोलीहरूलाई समेत समावेश गरिएकाले प्रतियोगिता थप प्रतिस्पर्धात्मक र रोचक हुने अपेक्षा गरिएको छ ।
प्रतियोगितामा आयोजक सलहेश युवा क्लब सिरहासहित रिफ्स काठमाडौं, पथरी–११ एफसी मोरङ, गाईघाट युनाइटेड उदयपुर, गोल्डेन स्टार युथ क्लब भलुवा सुनसरी र भारतको माँ कामाख्या स्पोट्र्स क्लब बक्सर (बिहार) ले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको फाइनल खेल गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गते हुनेछ ।
आयोजकका अनुसार, प्रतियोगिताको विजेता टोलीले नगद रु तीन लाखसहित रनिङ ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद रु एक लाख ५० हजार, ट्रफी, पदक र प्रमाणपत्र पाउनेछ ।
सिरहा जिल्लाकै प्रतिष्ठित र ठूलो खेल उत्सवको रूपमा हेरिएको यस प्रतियोगितालाई मधेश प्रदेशमा फुटबल खेलको विकास, युवा प्रतिभाको पहिचान तथा खेल पर्यटन प्रवद्र्धनको महत्वपूर्ण माध्यमको रूपमा लिइएको छ । रासस

# मस्को क्षेत्रमा ड्रोन आक्रमणः ३ जनाको मृत्यु, दर्जनौं घाइते



**मस्को ।**
रुसको राजधानी मस्को वरपरको क्षेत्रमा आइतबार बिहान भएको ठूलो मात्राको ड्रोन आक्रमणमा कम्तीमा ३ जनाको दुःखद मृत्यु भएको क्षेत्रीय गभर्नर आन्द्रेई भोरोब्योभले जानकारी दिएका छन् । उनका अनुसार, एउटा आवासीय घरमा मानवरहित हवाई यान ठोक्किँदा एक महिलाको ज्यान गएको हो । साथै थप एक व्यक्ति भग्नावशेषमुनि फसेको र दुई पुरुषको पनि मृत्यु भएको पुष्टि गरिएको छ । उनले बिहान करिब ३ बजेदेखि नै वायु रक्षा प्रणालीले ठूलो मात्राको आक्रमण रोक्ने प्रयास गरिरहेको बताए । यस घटनामा कम्तीमा ४ जना घाइते भएका छन् भने विभिन्न पूर्वाधार संरचनाहरूमा पनि क्षति पुगेको छ । राजधानी मस्कोमा मेयर सर्गेई सोब्यानिनका अनुसार रातभरमा कम्तीमा ७४ वटा मानवरहित हवाई यान खसालिएको वा अवरुद्ध गरिएको थियो । उनका अनुसार भग्नावशेष खस्दा १२ जना घाइते भएका छन् र केही स्थानमा सामान्य क्षति भएको छ । पछिल्लो २४ घण्टामा १२० वटा मानवरहित हवाई यान नष्ट गरिएको दाबी गरिएको छ । आक्रमणको जिम्मेवारीबारे आधिकारिक पुष्टि नभए पनि युक्रेनले रुसभित्र विभिन्न स्थानमा आक्रमण गर्ने क्रम बढाउँदै आएको छ, जसलाई उसले ‘प्रतिशोधात्मक कारबाही’ भन्ने गरेको छ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले हालै थप प्रतिकारात्मक आक्रमण गर्ने चेतावनी दिएका छन् । रासस

# बढ्दो तापक्रम र महँगीले अष्ट्रेलियाको आवास सङ्कट गहिरिनेः अध्ययन



**सिडनी ।**
जलवायु परिवर्तनको तीव्र असरका कारण अष्ट्रेलियामा आगामी वर्षहरूमा आवास सङ्कट अत्यन्त गम्भीर बन्न सक्ने एक विस्तृत अध्ययनले देखाएको छ । अध्ययनअनुसार यदि उच्च स्तरमा प्रदुषण उत्सर्जन भइरह्यो भने सन् २०३५ सम्म घरबारविहीन हुने मानिसहरूको सङ्ख्या हालको तुलनामा चार गुणासम्म बढ्न सक्छ । यसले जलवायु परिवर्तनले केवल वातावरणमा मात्र नभई मानिसहरूको दैनिकी, बसोबास र आर्थिक अवस्थामासमेत गहिरो प्रभाव पारिरहेको स्पष्ट पारेको छ ।
अनुसन्धानकर्ताहरूले जलवायु परिवर्तनका कारण विभिन्न आर्थिक र सामाजिक दबाब बढ्दै गएको बताएका छन् । विशेषगरी प्राकृतिक विपत्ति र अत्यधिक मौसमीय घटनाहरू बढेसँगै घर तथा सम्पत्तिको बीमा खर्च अत्यधिक महँगो हुने अनुमान गरिएको छ । बीमाको लागत बढेपछि घरधनी र भाडामा बस्ने दुवै वर्ग आर्थिक दबाबमा पर्नेछन् । त्यसैगरी बाढी, डढेलो, आँधी र अत्यधिक गर्मीजस्ता घटनाले निर्माण सामग्रीको आपूर्ति प्रणालीमा अवरोध पु¥याउने भएकाले नयाँ घर निर्माणको लागत पनि तीव्र रूपमा बढ्ने अध्ययनले देखाएको छ ।
अध्ययनमा उच्च प्रदुषण उत्सर्जनको अवस्थामामा घर खरिद गर्न लाग्ने खर्च दोब्बर हुन सक्ने उल्लेख गरिएको छ । यसका साथै घरभाडा ४५ प्रतिशतसम्म बढ्न सक्ने प्रक्षेपण गरिएको छ, जसले न्यून तथा मध्यम आय भएका परिवारलाई सबैभन्दा बढी असर गर्नेछ । बढ्दो महँगी र आवास अभावका कारण धेरै मानिसले स्थायी बसोबास गुमाउन सक्ने खतरा रहेको अध्ययनमा उल्लेख छ ।
अध्ययनले न्यून उत्सर्जनको अवस्थामासमेत अवस्था धेरै सहज नहुने चेतावनी दिएको छ । प्रदूषण कम गर्ने प्रयास सफल भए तापनि सन् २०२० को तुलनामा घरबारविहीनता दोब्बर हुन सक्ने र भाडामा बस्नेहरूको आर्थिक क्षमता २३ प्रतिशतले घट्न सक्ने अनुमान गरिएको छ । यसले जलवायु परिवर्तनको प्रभाव दीर्घकालीन र गम्भीर रहेको सङ्केत गर्दछ ।
अनुसन्धानकर्ताहरूले करिब दुई दशकको राष्ट्रिय आवास, आम्दानी तथा जनसांख्यिकीय तथ्याङ्कको अध्ययन गरेका थिए । उनीहरूले जलवायुजन्य संकट, सरकारी नीति, आर्थिक अवस्था र आवास बजारबीचको सम्बन्ध विश्लेषण गर्दै भविष्यमा आउन सक्ने जोखिमको प्रक्षेपण गरेका हुन् ।
अध्ययनमा विशेषगरी गलत ढङ्गले बनाइएका आवास नीतिहरूले असमानता अझ बढाउन सक्ने चेतावनी दिइएको छ । उदाहरणका लागि बीमा शुल्क वा गृहकर्जाको ब्याजदरमा मात्र केन्द्रित नीतिहरूले आर्थिक भार भाडामा बस्नेहरूमाथि सार्न सक्ने बताइएको छ । अनुसन्धानकर्ताहरूका अनुसार भविष्यमा बनाइने हरेक आवास नीतिमा जलवायु परिवर्तनको सम्भावित असरलाई अनिवार्य रूपमा समावेश गर्नुपर्ने आवश्यकता छ । यदि जलवायु जोखिमलाई बेवास्ता गरियो भने आवास संकट अझ गहिरिने, सामाजिक असमानता बढ्ने र ठूलो सङ्ख्यामा मानिस घरबारविहीन बन्ने खतरा रहने अध्ययनले निष्कर्ष निकालेको छ । रासस

# तरबुजा खेतीबाट आत्मनिर्भर बन्दै दङ्गीशरणका युवा

**दाङ ।**
दङ्गीशरण गाउँपालिका–१ रामपुरका पाँच जना युवकले सामूहिक तरबुजा खेती गरेका छन् । साथै उनीहरू बबई नदी किनाराको जग्गामा तरबुजा खेती गरेर आत्मनिर्भर भएका छन् । स्वदेशमा नै केही गरौँ भनेर सामुहिक खेती थालिएको कृष्ण चौधरीले बताए । आफूहरूले स्वदेशमा नै आत्मनिर्भर हुन सकिन्छ भनेर खेती थालेको बताए । हाल गाउँमै १२ कट्ठा खेतमा आहाना, पूजा, सरस्वती, दिव्या र स्विटहनी जातका तरबुजा खेती गरिरहेको उनले जानकारी दिए । हाल आहाना, प्रतिकिलो रु ८० र



स्विटहनी, सरस्वती, पुजा, दिव्या जातका तरबुजा प्रतिकिलो रु ५० का दरले गाउँमा नै बिक्री भइरहेको छ । गाउँबाटै दैनिक सयदेखि डेढ किलोसम्म बिक्री हुने गरेको छ । तरबुजाको याम समाप्त भएपछि बदामलगायत अन्य सागसब्जीखेती गर्ने उनीहरूको योजना छ ।

# महाभारतमा सात हजार कफीका बिरुवा वितरण

**काभ्रेपलाञ्चोक ।**
महाभारत गाउँपालिका–६ का ७१ परिवारलाई ६ हजार ८०० कफीको बिरुवा वितरण गरिएको छ । ‘जसले रोप्छ कफीको बोट, उसले पाउँछ २० को नोट’ नारालाई नियमितता दिँदै गाउँपालिकाको कार्यक्रमअन्तर्गत कफीको बिरुवा वितरण गरिएको हो ।
गाउँपालिकाको कृषि तथा पशुपन्छी शाखाको ‘फिल्ड अनुगमन’ अनुसार ६ हजार ८०० मात्र खाडल खनेको पाइएपछि सोहीअनुसार वितरण गरिएको जनाइएको छ । वडाभित्र करिब १३ हजार कफीको बिरुवा माग भएको थियो । किसानको आकर्षण भए पनि मागअनुसार बिरुवा वितरण गर्न नसकिएको वडाअध्यक्ष रमेश लुङ्गेलीको भनाइ छ ।
काभ्रेपलाञ्चोकको दक्षिणपूर्वी क्षेत्रमा अवस्थित दुर्गम गाउँपालिका महाभारतमा गर्दै आएको व्यावसायिक कफी उत्पादनलाई आधुनिकमैत्री बनाउन थालिएको हो । यसका लागि गाउँपालिकाले कफी–किसानलाई बर्सेनि बिरुवासँगै आधुनिक कृषि सामग्रीसमेत वितरण गरेको छ । किसानलाई आधुनिक कृषि प्रविधिसँग जोड्दै थप सहज र उत्पादन वृद्धि गरी कफीबाटै आत्मनिर्भर बनाउने उद्देश्यले व्यावसायिक किसानलाई सामग्री वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।
प्रत्येक वर्ष कफी किसानलाई आधुनिक कृषि सामग्री प्रयोग गरी कफी उत्पादन गर्नसहज हुने र उत्पादन वृद्धिमा उत्प्रेरण जाग्ने अपेक्षा गरेका छौँ, गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले भने । उनका अनुसार केही वर्षदेखि स्थानीय किसानका आयआर्जनको माध्यम कफीखेती बन्न थालेपछि गाउँपालिकाले किसानलाई बर्सेनि अनुदानमा कफीको बिरुवा वितरण गर्दै आएको छ । गाउँपालिकाका अनुसार हाल एक हजार ४३३ रोपनी जमिनमा कफीखेती भइरहेको छ । गाउँपालिकामा व्यावसायिक कफी उत्पादन गर्ने किसान एक हजार २०० को हाराहारीमा रहेको बताइएको छ ।
कफी उत्पादनलाई पकेट क्षेत्रका रूपमा विकसित गर्दै हरेक वर्षको नीति तथा कार्यक्रममा प्राथमिकतामा राखिएको अध्यक्ष जिम्बाको भनाइ छ । यहाँका किसान कफीखेतीमा आकर्षित हुँदै परम्परागत रूपमा मकै, कोदोलगायत खाद्यान्न बाली छाड्दै मुख्य आम्दानीको स्रोत कफीलाई बनाउन थालेकाले बिरुवा वितरणलाई पनि अभियानकै रूपमा अगाडि बढाएको उनले बताए । यहाँका किसानले कफीखेतीबाट बर्सेनि पाँचदेखि १२ लाखसम्मको बिक्री गर्दै आएका वडा नं ५ का सुवास जिम्बाले बताए । उनका अनुसार यहाँ कफीखेती राम्रो हुने र बजारीकरणको समस्या हट्दै गएकाले पछिल्ला केही वर्षदेखि किसान कफीखेतीतर्फ आकर्षित भएका हुन् ।
गाउँपालिकाले किसानलाई उत्पादित भएकोमध्ये एक किलो बराबर २० अनुदान दिँदै आएको छ । विगत १२ वर्षदेखि कफीखेती गर्दै आएका वडा नं ६ का किसान बाबुलाल घलानले गाउँपालिकाबाट अनुदान पाएपछि आफूहरू निकै खुसी हुँदै कफीखेतीलाई निरन्तरता दिँदै क्षेत्र बढाइएको बताए ।
डाँडापारिमा पल्पिङ सेन्टर स्थापनापछि किसानले त्यहाँ हाल बोक्रा फालेर प्रशोधनअघि बिक्री गर्दा प्रतिकिलो पाँच सयदेखि ६ सयसम्म पाउने गरेका छन् । एकपटक रोपेको बिरुवाबाट ५० वर्षसम्म आम्दानी दिने गरेको बताइन्छ ।
एक रोपनीमा वार्षिक २५ हजारदेखि ३० हजारसम्म कमाई हुने गरेको जिम्बाले बताए । उनका अनुसार महाभारतको आर्थिक समृद्धिको आधार नै कफी हुने सम्भावना छ । रासस

# वायुसेवा निगमको ऋण ५५ अर्ब नाघ्यो

## वित्तीय अवस्था जर्जर




**काठमाडौँ ।**
नेपाल वायुसेवा निगम (नेवानि) को वित्तीय अवस्था झनै कमजोर बन्दै गएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६३औँ वार्षिक प्रतिवेदनअनुसार विमान खरिदका लागि लिइएको ऋणको साँवा–ब्याज भुक्तानी गर्न नसक्दा निगमको कुल ऋण ५५ अर्ब रुपैयाँ नाघेको छ ।

प्रतिवेदनअनुसार निगमको कुल वित्तीय दायित्व ५५ अर्ब ४ करोड ७८ लाख रुपैयाँ पुगेको हो । निगमले ए–३२० र ए–३३० विमान खरिदका लागि सरकारको जमानीमा कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट ऋण लिएको थियो । निगमले सञ्चय कोषबाट २२ अर्ब र नागरिक लगानी कोषबाट १२ अर्ब गरी कुल ३६ अर्ब रुपैयाँ ऋण लिएको थियो । तर, लामो समयसम्म साँवा र ब्याजको किस्ता बुझाउन नसकेपछि हर्जाना र ब्याज थपिँदै जाँदा ३६ अर्बको सुरुवाती ऋण बढेर ५५ अर्ब माथि पुगेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । हाल निगमले कर्मचारी सञ्चय कोषलाई ३१ अर्ब ३३ करोड ९२ लाख र नागरिक लगानी कोषलाई २१ अर्ब १२ करोड १७ लाख रुपैयाँ भुक्तानी गर्न बाँकी छ । महालेखाले निगमको वित्तीय अवस्था सुधार्न तत्काल प्रभावकारी ऋण व्यवस्थापन गर्न र संस्थागत पुनर्संरचनामा जान सुझाव दिएको छ । यसैबीच, महालेखाको प्रतिवेदनले राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत निर्माण सम्पन्न भएका दुई अन्तर्राष्ट्रिय विमानस्थलको वर्तमान अवस्थाप्रति चिन्ता व्यक्त गरेको छ । भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन हुन नसक्दा राज्यको लगानी जोखिममा परेको प्रतिवेदनमा औँल्याइएको छ । महालेखाले यी दुवै विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गरी राजश्व बढाउन सरकारलाई सुझाव दिएको छ ।

# सुकुम्बासीले गरे बुटवलमा प्रदर्शन



**बुटवल ।**
देशभरका सुकुम्बासीले आइतबार बुटवलमा प्रदर्शन गरेका छन् । उचित व्यवस्थाविना अव्यवस्थित बसोबासी तथा भूमिहीनलाई हटाउन नहुने भन्दै उनीहरुले सरकारविरुद्ध प्रदर्शन गरेका हुन् । बुटवलको राजमार्ग चौराहाबाट शुरू भएको सुकुम्बासीको प्रदर्शनको अगुवाइ नेपाल भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी संघर्ष समितिले गरेको थियो । उनीहरुको प्रदर्शन स्थानीय मिलनचोक, बसपार्क, पुष्पलाल पार्क हुँदै ट्राफिक चोकमा पुगेर कोणसभामा परिणत भएको थियो । प्रदर्शनमा तराईका २२ जिल्लाका सुकुम्बासी सहभागी भएको दाबी गरिएको छ । सरकारले विकल्पविना गरिब सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका घरटहरामा डोजर चलाएर लखेट्ने कार्य गरेको भन्दै विरोधमा प्रदर्शन गरिएको थियो ।

# मत्स्यनारायण मन्दिरमा एकमहिने मेला सुरु



**भक्तपुर ।**
चाँगुनारायण नगरपालिका–५ छालिङ गोकुलधामस्थित मत्स्यनारायण मन्दिर परिसरमा तीनसय वर्ष पुरानो एकमहिने मेला सुरु भएको छ । मेलाका अवसरमा मन्दिर परिसर झकिझकाउ पारिएको छ ।

मेलाको आइतबार चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले उद्घाटन गरे । त्यस अवसरमा उनले ग्रामीण पर्यटनको विकास र सिङ्गो चाँगुनारायण क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्र घोषणा गर्न सङ्घीय सरकारसँग नगरपालिकाले माग गरिरहेको बताए । वडा नं ५ का अध्यक्ष एवं मत्स्यनारायण मन्दिरका संरक्षक जयन्द्र खड्काले यहाँको ऐतिहासिक धार्मिक क्षेत्रको विकास र पर्यटनको विकासको अवसरलाई गुम्न नदिने गरी अगाडि बढिरहेको बताए ।

पुरुषोत्तम मेला आयोजना समितिका संयोजक गोकर्ण पुरीले एकमहिने मेलालाई व्यवस्थापन सिङ्गो गाउँ लागेको बताए । मेला अवधिभर प्रवचन र भजनकीर्तनको व्यवस्था, नारायणको पूजा÷पुरुषोत्तम महात्म्य वाचन, दर्शनार्थीलाई सहज पूजा गर्ने व्यवस्था गरेको उनको भनाइ छ ।

मन्दिर संरक्षकसमेत रहेका पुरीले भने, यो ३०० वर्ष पुरानो मन्दिर हो, दुई पीपलको बोटको बीचमा रहेको मन्दिर भत्किएपछि पुनःनिर्माण गरिएको हो, यसको शिलालेख पुरिएकाले उत्खनन् र अध्ययन गर्नुपर्ने देखिन्छ, १०० पुरानो पुजाको थाली भने अझै पनि छ, मन्दिरको संरक्षणमा यहाँका बासिन्दा सबै जुटेपछि अहिले यो मन्दिर वर्षभरि नै आन्तरिक पर्यटकको केन्द्र बनेको छ ।

स–साना तीन खोलाको सङ्गमस्थलमा रहेको यस मन्दिरलाई त्रिवेणी धामका नामलेसमेत चिनिने गरिन्छ । यहाँ ६४ शिवलिङ्ग, सप्तऋषिको मन्दिर, कृष्ण बर्तेश्वर महादेव मन्दिर, गणेश मन्दिर र कुण्डसमेत छ । मन्दिर परिसरमा मलमासमा ५० हजारभन्दा बढी दर्शनार्थीको आगमन हुने गरेको उनको भनाइ छ ।

ख्यो पुखमा एकमहिन मेला सुरु

यसैगरी, भक्तपुर नगरपालिका–६ स्थित अंचा पोखरी (ख्यो पुखु) आजदेखि एकमहिने मत्स्यनारायण अर्थात् पुरुषोत्तम मलमास मेला सुरु भएको छ । यस मन्दिरमा पनि एक महिनासम्म नारायणको पूजा, पुरुषोत्तम महात्म्य वाचन गरिने र यहाँका कुण्डमा स्नान गरी मन्दिरमा दर्शन गरे रोगव्याधि नष्ट हुने, पापकर्म नष्ट हुने जनविश्वास रहँदै आएकाले भक्तपुर नगरका बासिन्दाले यहाँ पूजा, दर्शन एवं स्नान गरेको मेला व्यवस्थापन समितिले जानकारी दिएको छ ।

यस क्षेत्रमा प्राकृतिक सौन्दर्यता रहेको र यहाँ पार्क निर्माण गरेकाले बाह्रै महिना आन्तरिक पर्यटकको आगमन बढ्दो रहेको पुरीले बताए । यस मन्दिरमा तीज र जनैपूर्णिमामा पनि मेला लाग्ने गरेको छ भने बालाचर्तुदशीमा महाद्वीप बाल्न र ६४ शिवलिङ्ग परिक्रमा गरी सद्विज छर्न घुइँचो लाग्ने गरेको पुरी बताउँछन् । रासस

# ‘संयुक्त प्रयासबाट मात्रै प्रदेशको आर्थिक समृद्धि सम्भव’




**कैलाली ।**
धनगढीमा शनिबारदेखि सुरु भएको ‘सुदूरपश्चिम कचहरी २०८३’ अन्तर्गत ‘सुदूरपश्चिम प्रदेशको सम्भावना र समृद्धिबारे नीतिगत बहस’ सत्रमा सहभागी वक्ताहरूले संयुक्त प्रयासबाट मात्रै प्रदेशको आर्थिक समृद्धि सम्भव हुने बताएका हुन् ।

प्रदेश सरकारका प्रमुख सचिव बैकुण्ठ अर्यालले प्रदेशका विकास आयोजनाहरू निर्माणका लागि प्रदेश, स्थानीय र सङ्घीय सरकारबीच सहकार्य आवश्यक रहेको बताए । निजी क्षेत्र र अन्तरराष्ट्रिय लगानीकर्तालाई आकर्षित गर्न प्रदेश सरकारले विकास तथा लगानी सम्मेलनको तयारी गरिरहेको बताउँदै उनले प्रदेशको दक्षिणी क्षेत्रमा कृषि उत्पादन, मध्यवर्ती क्षेत्रमा वनजन्य उत्पादन तथा उत्तरी क्षेत्रमा जडीबुटी र हिमाली पशुपन्छी उत्पादनको ठूलो सम्भावना रहेको जानकारी दिए ।

प्रमुख सचिव अर्यालले कैलालीको गेटास्थित शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालन गरी सुदूरपश्चिमलाई स्वास्थ्य शिक्षा तथा चिकित्सकीय उत्पादनको केन्द्र बनाउन सकिने उल्लेख गरे ।

प्रदेश नीति तथा योजना आयोगकी उपाध्यक्ष डा जीवन रानाले रामारोशन, खप्तड र बडिमालिकालाई पर्यटकीय सर्किटका रूपमा विकास गर्न सकिने बताए । उनले प्रदेश गौरवका योजनालाई आगामी बजेटमा प्राथमिकता दिइने जानकारी दिए । उनले सडक सञ्जाल गुरुयोजना, कृषि गुरुयोजना र पर्यटन गुरुयोजनालाई कार्यान्वयनमा लैजाने तयारी भइरहेको बताउँदै प्रदेशलाई चिनाउने धार्मिक तथा पर्यटकीयस्थलमा बजेट विनियोजन गरिने बताए ।

राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजङ्ग थापाले गड्डाचौकी–अत्तरिया–चिसापानी सडकखण्डलाई चार लेनमा विस्तार गर्न विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भइरहेको जानकारी दिए । उनले हुलाकी राजमार्ग तीन वर्षभित्र सम्पन्न हुने र सेती लोकमार्गका लागि आगामी बजेटमा उल्लेखनीय रकम विनियोजन हुने बताए । उनका अनुसार खप्तड, रामारोशन र बडिमालिकालाई कर्णाली तथा सेती राजमार्गसँग जोड्ने योजना रहेको उल्लेख गरे ।

‘सङ्घीयताको अभ्यासः अनुभव, चुनौती र सुधारको बाटो’ विषयक अर्को सत्रमा सहभागी वक्ताहरूले सङ्घीय सरकारले प्रदेशलाई अधिकार हस्तान्तरण नगर्दा सङ्घीयता कमजोर बनेको बताए ।

सुदूरपश्चिमका पूर्वमुख्यमन्त्री त्रिलोचन भट्टले संविधानमा उल्लेख भएका प्रदेशका अधिकार व्यवहारमा कार्यान्वयन नभएकाले सङ्घीयतामाथि नकारात्मक बहस भइरहेको बताए । साझा अधिकारसम्बन्धी कानुन समयमा नबन्दा समस्या उत्पन्न भएको उल्लेख गर्दै उनले सङ्घीयता कार्यान्वयनमा प्रशासनिक र राजनीतिक सोचकै समस्या रहेको बताए ।

पूर्वमुख्यमन्त्री दीर्घबहादुर सोडारीले सङ्घीयता जनताको घरदैलोमा सरकार पुर्याउने उद्देश्यले ल्याइएको भए पनि माथिल्लो तहबाट अधिकार नदिने प्रवृत्तिका कारण यसको नकारात्मक प्रचार भइरहेको बताए ।

सङ्घीयताविज्ञ खिमलाल देवकोटाले संविधानले प्रदेशलाई प्रहरी अधिकार दिएको भए पनि सङ्घीय सरकारले अहिलेसम्म हस्तान्तरण नगरेको बताए । सङ्घीय निजामती सेवा ऐन नआउँदा प्रदेशले कर्मचारी व्यवस्थापनमा समस्या भोगिरहेको उनको भनाइ थियो ।

वित्तीय सङ्घीयताविज्ञ सोमत घिमिरेले सङ्घीयताको मर्मअनुसार प्रदेश र स्थानीय सरकारलाई स्वतन्त्र रूपमा काम गर्ने वातावरण नदिइएको आरोप लगाए । सङ्घीयताविज्ञ परशुराम उपाध्यायले सङ्घीय व्यवस्थामार्फत ३५ हजार जनप्रतिनिधि प्रत्यक्ष शासनमा सहभागी भएको उल्लेख गर्दै महिलाको सहभागिता बढ्नु सङ्घीयताको सकारात्मक उपलब्धि भएको बताए ।

तेस्रो सत्रमा प्रदेशको इतिहास, पहिचान, साहित्य र सङ्गीतबारे छलफल भएको थियो । सुदूरपश्चिमका पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावलले पौराणिक महत्वका विषयलाई प्राथमिकतामा राख्नुपर्ने बताए । उनले देवाटवी सर्किटअन्तर्गत सुदूरपश्चिम प्रदेशमा रहेका धार्मिक पर्यटनको प्रवर्द्धनका लागि स्पष्ट नीति आवश्यक रहेको धारणा व्यक्त गरे ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्रज्ञा परिषद् सदस्य यज्ञराज उपाध्यायले प्रदेशमा सङ्गीत र इतिहास अध्ययन केन्द्र स्थापना हुनुपर्ने बताए । नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व प्रज्ञासदस्य वासुदेव पाण्डेले सरकारी निकायबाट थप खोज तथा अन्वेषण हुन आवश्यक रहेको उल्लेख गर्दै सुदूरपश्चिम अझै ओझेलमा रहेको बताए । कार्यक्रमको सहजीकरण पत्रकारहरु टीकाराम यात्री, मनमोहान स्वार र शिवराज भट्टले गरेका थिए । रासस

# बीउ बैंकमार्फत रैथाने बाली संरक्षणमा जुट्दै ‘षडानन्द’




**भोजपुर ।**
भोजपुरको षडानन्द नगरपालिकाले रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले बीउ बैंक स्थापना गरी प्रभावकारी अभियान सुरु गरेको छ । परम्परागत रूपमा खेती हुँदै आएका स्थानीय बाली हराउँदै जाने जोखिम बढ्दै गएपछि नगरपालिकाले दीर्घकालीन सोचसहित संरक्षण अभियान अघि बढाएको हो । किसानलाई गुणस्तरीय रैथाने बीउ उपलब्ध गराउने, लोपोन्मुख अवस्थामा पुगेका स्थानीय जातका बाली पुनः उत्पादनमा ल्याउने तथा कृषि जैविक विविधता जोगाउने लक्ष्यसहित बीउ बैंक स्थापना गरिएको नगरपालिकाका प्रमुख सुरेन्द्रकुमार उदासले जानकारी दिए । यस अभियानले स्थानीयस्तरमा रैथाने बालीको संरक्षणमा ठोस योगदान पुग्ने उनको भनाइ छ । बीउ बैंकमार्फत कोदो, फापर, जौ, चिनो, कागुनो, गहत, भटमास, सिमी, मकैलगायत विभिन्न रैथाने बालीका बीउ सङ्कलन गरी संरक्षण गरिएको कृषि शाखा प्रमुख दिपेन थापाले जानकारी दिए । उनका अनुसार हालसम्म षडानन्द क्षेत्रमा उत्पादन हुने २७ बालीका ११५ जात सङ्कलन गरिएको छ । बीउ बैंकमा स्थानीय रैथाने बालीको व्यवस्थित सङ्कलन गरेका छौँ, उनले भने, सङ्कलित बीउ किसानलाई ५० प्रतिशत अनुदानमा वितरण गर्दै रैथाने बालीको विस्तारमा टेवा पुर्याइरहेका छौँ । बीउ बैंकमार्फत किसानलाई बीउ छनोट, संरक्षण विधि तथा उत्पादन प्रवद्र्धनसम्बन्धी तालिम प्रदान गरिँदै आएको छ । यसले परम्परागत ज्ञान र अभ्यासलाई आधुनिक कृषि प्रविधिसँग जोड्न मद्दत पुगेको छ । नगरपालिकाका उपप्रमुख प्रमिला राईले रैथाने बालीको संरक्षण, विकास र प्रवद्र्धन गर्ने उद्देश्यले बीउ बैंक सञ्चालनमा ल्याइएको बताइन् । स्थानीय बीउको अस्तित्व सङ्कटमा पर्न नदिन यो पहल प्रभावकारी बन्ने विश्वास लिएका छौँ”, उनले भनिन् । नगरपालिकाले आगामी दिनमा बीउ बैंकलाई अझ व्यवस्थित र प्रभावकारी बनाउँदै विस्तार गर्ने योजना बनाएको छ । साथै, रैथाने बालीको बजारीकरण, ब्रान्डिङ तथा मूल्य अभिवृद्धिमा जोड दिँदै किसानको आयस्तर वृद्धि गर्ने लक्ष्य राखिएको छ । रासस

# मूल्यमा पारदर्शिता कायम गर्न बजार अनुगमन

**पर्वत ।**
सरकारले यस वर्ष गत वैशाख २८ देखि यही जेठ ३ गतेसम्म मनाइरहेको मूल्यमा पारदर्शिता सप्ताहअन्तर्गत शनिबार पर्वतका विभिन्न क्षेत्रमा बजार अनुगमन गरिएको छ ।

बजारमा कृषिजन्य वस्तुको अवस्था, मासुजन्य वस्तु तथा कृषि तथा भेटेरिनरीका बीउबिजन, विषादी र वस्तुभाउका औषधिको अवस्था, मूल्यसुची र गुणस्तरीयता परीक्षण गर्ने उद्देश्यले बजार अनुगमन गरिएको हो । यहाँ जलजला, मोदी गाउँपालिका र कुश्मा नगरपालिकाका पसलमा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय र कृषि विकास कार्यालयको संयुक्त आयोजनामा अनुगमान गरिएको हो ।

तीनवटै पालिकामा गरी मासु पसल नौवटा, माछा पसल एक, भेटेरिनरी सेन्टर पाँच, डेरी उद्योग तीन र कृषि बीउ केन्द्र÷बीउ भण्डार तथा एग्रो सेन्टर तीन गरी जम्मा २० वटामा अनुगमन गरिएको भेटेरिनरी अस्पतालका प्रमुख सुरेशकुमार श्रेष्ठले जानकारी दिए ।

अनुगमनका क्रममा अधिकांश पसलमा मूल्यसूची नराखिएको, सरसफाइमा ध्यान नदिइएको, पसल नवीकरण नगरिएको, विषादी र अन्य सामान एकै ठाउँमा राखेर बिक्री वितरण गरिएको, विषादी विक्रेताले खतराको चिह्न नराखेको, सबै प्रकारको मासु एउटै फ्रिजमा राखिएकोजस्ता समस्या देखिएका छन् । यसैगरी सेतो टायल लगाउन, दाउ र अचानो छुट्टाछुट्टै राख्न, हात धुनका लागि बेसिनसहितको धारा राख्नुलगायत सुझाव दिइएको छ ।

सप्ताहका अवसरमा पहिलोपटक गरिएको बजार अनुगमनमा समस्या देखिएका पसलमा सुधार गर्न एक साताको समयावधि दिइएको छ । तत्काल मूल्यसूची राख्न, मासु पसलमा आवश्यक पूर्वाधार निर्माण गर्न, उद्योग व्यवसाय दर्ता तथा नवीकरण, विषादी वितरणमा आवश्यक सतर्कता अपनाउन आग्रह गर्दै सुधार नभएमा अर्को पटकको अनुगमनमा कारबाही गर्ने चेतावनी दिइएको छ । उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल पर्ने खालका कुनै पनि गतिविधि नगर्न आग्रह गरिएको कृषि विकास कार्यालयका प्रमुख गोपाल लामिछानेले जानकारी दिए ।

अनुगमनमा जिल्ला प्रशासन कार्यालय, उपभोक्ता मञ्चका अध्यक्ष सरिता भण्डारी, पर्वत उद्योग वाणिज्य सङ्घका महासचिव खड्गप्रसाद खनाललगायत विभिन्न पालिकाका पशु तथा कृषि शाखा प्रमुखहरूको सहभागिता थियो ।

जिल्लाका अन्य पालिकामा रहेका बजार तथा पसलमा पनि अनुगमन गरिने कार्यालयले जनाएको छ । यसबाहेक जिल्ला प्रशासन कार्यालय, एकीकृत सेवा कार्यालय र सम्बन्धित पालिकाले समेत मातहतका पसलहरू अनुगमनको तयारी गरेका छ । रासस

# बागमती प्रदेश सरकारद्वारा ३१ अर्ब ३३ करोड राजस्व सङ्कलन

**बागमती ।**
बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को दश महिनामा ३१ अर्ब ३३ करोड ५५ लाख ४८ हजार राजस्व सङ्कलन गरेको छ ।

घरजग्गा रजिष्ट्रेसन र सवारीसाधन कर प्रदेश सरकारको राजस्व सङ्कलनको मुख्य स्रोत मानिन्छ । घरजग्गा रजिष्ट्रेसन र सवारीसाधन कर शीर्षकसहित बाँडफाँटबाट आर्थिक वर्ष २०८२÷८३ को साउनदेखि वैशाख महिनासम्ममा २० अर्ब एक करोड तीन लाख ८९ हजार राजस्व सङ्कलन भएको बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत इन्द्रराज सञ्ज्यालले जानकारी दिए ।

उनका अनुसार सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत दश महिनाको अवधिमा सात अर्ब ९४ करोड २७ लाख ५६ हजार प्राप्त भएको छ । यस्तै, चालु आव २०८२/८३ सो अबधीमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्वबाट रु तीन अर्ब २४ करोड ५२ लाख ४१ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद–बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको ‘जेनजी’ आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व सङ्कलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायत कारणले अपेक्षाकृत राजस्व सङ्कलन हुन नसकेको अधिकृत सञ्ज्यालको भनाइ छ । रासस

# समावेशी सिद्धान्तबिना संघीयता बलियो हुन सक्दैनः सभामुख




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले समावेशी सिद्धान्तको प्रभावकारी कार्यान्वयनबिनाको लोकतन्त्र र संघीयता दिगो तथा मजबुत हुन नसक्ने बताएका छन् ।

मधेश प्रदेशको मुख्य न्यायाधीवक्ताको कार्यालयद्वारा आयोजित संविधान संशोधनसम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै सभामुख यादवले संविधान संशोधनको बहस चलिरहेका बेला नीति निर्माण तहलाई निष्पक्ष सुझाव दिनुपर्ने आवश्यकता रहेको उल्लेख गरे ।

सरकारले संविधान संशोधनका लागि उच्चस्तरीय कार्यदल गठन गरेपछि सुरु भएको बहसलाई सकारात्मक रूपमा लिनुपर्ने बताउँदै उनले संशोधन प्रक्रिया समावेशी र न्यायपूर्ण हुनुपर्नेमा जोड दिए । सभामुख यादवले कार्यपालिका र व्यवस्थापिका अनियन्त्रित बन्दा त्यसलाई सन्तुलनमा राख्ने जिम्मेवारी न्यायपालिकाको हुने भएकाले न्यायपालिका पूर्ण रूपमा स्वतन्त्र हुनुपर्ने धारणा राखे ।

उनले प्रदेशहरूको सीमांकन न्यायसंगत हुनुपर्ने तथा नेपाली भाषासँगै मैथिली भाषालाई पनि सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिनुपर्ने आवश्यकता औँल्याए ।

कार्यक्रममा नेपाल बार एसोसिएसनका अध्यक्ष विजय मिश्रले वर्तमान सरकारसँग संविधान संशोधनका लागि पर्याप्त शक्ति भए पनि सर्वदलीय सहमतिमा अघि बढ्ने सम्भावना कमजोर रहेको टिप्पणी गरे ।

उनले न्यायपालिका र संविधान पुनर्संरचनाजस्ता संवेदनशील विषयमा व्यापक राजनीतिक सहमति आवश्यक भए पनि त्यसतर्फ सरकार गम्भीर नदेखिएको बताए ।बार अध्यक्ष मिश्रले न्यायाधीश नियुक्तिमा कायम रहेको गोला प्रणाली हटाउन नदिने स्पष्ट पार्दै न्यायपालिकालाई राजनीतिक प्रभावबाट मुक्त गर्नु आवश्यक रहेको बताए ।उनका अनुसार विगतका सरकारको समयमा जस्तै अहिले पनि न्यायपालिका पूर्ण रूपमा राजनीतिक प्रभावबाट मुक्त हुन नसकेको अवस्था रहेको छ ।कार्यक्रममा बारका पदाधिकारी, कानून व्यवसायी तथा अधिवक्ताहरूले संविधान संशोधन, न्यायपालिका सुधार र संघीय संरचनाका विषयमा धारणा राखेका थिए ।


मत्स्यनारायणको पूजाअर्चना गर्दै भक्तजनः भक्तपुर नगरपालिका–६ स्थित अंचा पोखरी (ख्यो पुखु) मा आइतबारदेखि सुरु भएको एकमहिने मत्स्यनारायण अर्थात पुरुषोत्तम अधिकमास एवम् मलमास मेला मत्स्यनारायणको पूजाअर्चना गर्दै भक्तजन । तस्बिरः रमेश गिरी

# विशेष महाधिवेशनमा छुटेकाहरुलाई सँगै लिएर काम गर्न चाहन्छुः थापा

**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीको विशेष महाधिवेशनबाट छुटेका नेताहरुलाई सँगै लिएर काम गर्न चाहेको बताएका छन् ।

'प्रजातान्त्रिक विचार समाज'को स्थापना दिवसका अवसरमा आइतबार यहाँ आयोजित 'समसामयिक राजनीतिमा नेपाली कांग्रेसको भूमिका' विषयक कार्यक्रममा सभापति थापाले विशेष महाधिवेशनमा छुटेका नेताहरुलाई केन्द्रीय समिति र अन्य समितिमा समेट्ने बताए ।

'पार्टीको १४औँ महाधिवेशनबाट निर्वाचित भएका नेताको ठूलो पङ्क्ति बाहिर छ, १४औँ महाधिवेशनबाट निर्वाचित नेताहरु जो हुनुहुन्न मेरो समितिभित्र, म अहिलेको केन्द्रीय समितिभित्र ल्याएर मानका साथ वरिष्ठ नेता बनाउनुपर्नेलाई वरिष्ठ नेता, जसलाई जे ठाउँमा राखेर हुन्छ म उनहरुलाई सँगै राखेर काम गर्न चाहन्छु,' सभापति थापाले भने ।



सभापति थापाले पार्टीको १५औँ महाधिवेशनको मिति तय भएको र प्रेमबहादुर खड्काको अध्यक्षतामा निर्वाचन समिति बनेको उल्लेख गर्दै त्यसमा अरुलाई पनि समेट्न आफू तयार रहेको बताए । उनले महामन्त्री प्रदीप पौडेलको नेतृत्वमा सदस्यता जाँचबुझ समिति रहेको स्मरण गराउँदै त्यसमा पनि थप सदस्य राख्न आफू तयार रहेको बताए ।

अनुशासन समितिको नेतृत्व तारामान गुरुङले गरेको जानकारी दिँदै उनले त्यसमा पनि कतिपय सदस्य समेट्न सकिने बताए । पार्टीभित्रका नेतालाई अवसर दिने विषयमा आफू प्रष्ट रहेको उल्लेख गर्दै सभापति थापाले भने, 'को विशेष महाधिवेशनबाट आएको हो, को आएको थिएन भन्ने आधारमा पार्टीभित्र अवसर प्राप्त गर्ने कुरा हुँदैन ।'

देशभर रहेका क्रियाशील सदस्यलाई पार्टीको सदस्यता अद्यावधिक गर्नसमेत सभापति थापाले आग्रह गरे ।

पार्टीका महामन्त्री प्रदीप पौडेलले संसदीय व्यवस्थामा प्रधानमन्त्री संसद्प्रति पूर्णरूपमा उत्तरदायी हुनुपर्नेमा नभएको गुनासो गरे । ठूलो जनसमर्थनका साथ गठन भएको वर्तमान सरकार छोटो समयमै प्रश्नहरूको घेरामा पर्नु चिन्ताजनक विषय भएको उनको भनाइ थियो । राजस्व अनुसन्धान, सम्पत्ति शुद्धिकरण तथा विशेष अनुसन्धान जस्ता संवेदनशील निकायलाई प्रधानमन्त्री केन्द्रित नबनाउन महामन्त्री पौडेलले सुझाव दिए ।

कांग्रेस नेता अर्जुननरसिंह केसीले संविधान संशोधनका लागि पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा संविधान संशोधनका लागि सुझाव दिन आयोग गठन गरिनुपर्ने बताए । उनले आयोगले संसद्भित्र र बाहिर रहेका सबै राजनीतिक पक्षलाई संयोजन गरेर सुझाव दिनुपर्ने उल्लेख गरे । संविधानले कुनै पार्टीका इच्छा मात्र नेतृत्व गर्नु नहुने र राष्ट्रिय बहस आवश्यक रहेको नेता केसीको भनाइ थियो ।

'कुनै पूर्वप्रधानन्यायाधीशको अथवा राष्ट्रले चिनेको संविधानविद् र विज्ञको संयोजकत्वमा संविधान सुधार सुझाव आयोग गठन होस्, संविधानले कुनै पार्टीका इच्छा र अभिमतलाई मात्र नेतृत्व नगरी व्यवहारमा देखिएका त्रुटि कमजोरी समेतलाई केन्द्र विन्दुमा राखेर संविधानबारे राष्ट्रिय रूपमा बहस चलाउनुपर्छ,' नेता केसीले भने ।

समाजका अध्यक्ष कुलचन्द्र वाग्लेको अध्यक्षतामा भएको उक्त कार्यक्रममा संविधानविद् विपीन अधिकारी, कूटनीतिक व्यक्तित्व शम्भुराम सिंखडा, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेल, समाजका निवर्तमान अध्यक्ष डा. केदारनरसिंह केसी, समाजका पूर्वअध्यक्ष हरिहर दाहाल, प्रजातन्त्रवादी कानून व्यवसायी सङ्घका अध्यक्ष सीताराम केसी र शेरबहादुर केसी, नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्साल, वरिष्ठ पत्रकार गोकर्ण अर्याल, डा. वासुदेव भण्डारीलगायतले मुलुकको समसामयिक राजनीतिमा नेपाली कांग्रेसले खेल्नुपर्ने भूमिकाबारे आ–आफ्नो धारणा राखेका थिए ।

# उत्पादन घट्दा अण्डाको मूल्यवृद्धि



**चितवन ।**
गर्मी मौसमसँगै अण्डाको उत्पादन घट्दा मूल्य बढेको छ । नेपाल लेयर्स कुखुरापालक सङ्घले आइतबार अण्डाको समर्थन मूल्य बढाएको हो । सङ्घका अनुसार ठूलो अण्डा ५ सय १५ रुपैयाँ प्रतिक्रेट (३० वटा) र मध्यमको ४ सय ८५ रुपैयाँ फार्मदर कायम गरिएको छ । सङ्घका सचिव मदन पोखरेलका अनुसार उपभोक्ता मूल्य प्रतिगोटा २५ रुपैयाँ कायम गरिएको छ । यसअघि ठूलो अण्डा ४ सय ८५ रुपैयाँ र मध्यम अण्डा ४ सय ३५ रुपैयाँ कायम गरिएको उनले बताए । नेपाल लेयर्स कुखुरापालक सङ्घका अध्यक्ष विनोद पोखरेलले दुई दिने बिदाले पर्यटक बढ्दा खपत बढ्नुका साथै गर्मीका कारण अण्डा उत्पादन घटेकाले माग बढ्न गई मूल्य बढेको बताए । उनले भने, 'किसान कुखुरापालन पेसाबाट पलायन हुँदा जनशक्तिको अभाव छ । कुखुरामा विभिन्न रोग लागेर मरेका छन्, जसले अण्डाको उत्पादन घटेको छ ।'

अण्डाको लागत मूल्य प्रतिगोटा १९ रुपैयाँ १२ पैसा पर्ने जनाउँदै अध्यक्ष पोखरेलले किसानले अझै लागत मूल्य पाउन नसकेका बताए ।

अण्डा उत्पादन गर्दै आएका विभिन्न कृषि फार्मले जारी गरेको मूल्यको आधारमा नेपाल लेयर्स कुखुरापालक सङ्घले समर्थन मूल्य जारी गर्दै आएको उनले जानकारी दिए ।

फार्महरूको मूल्यलाई समायोजन गरेर समर्थन मूल्य जारी गरिएको अध्यक्ष पोखरेलले जानकारी दिए । उनका अनुसार दाउन्ने एग्रो फार्म नवलपरासीको ठूलो अण्डा प्रतिपेटी तीन हजार ९ सय ५० रुपैयाँ र मझौला तीन हजार ७ सय ५० रुपैयाँ, हिमचुली पोल्ट्री नवलपरासीको ठूलो अण्डा तीन हजार ९ सय ६० रुपैयाँ र मझौला तीन हजार ७ सय ६० रुपैयाँ, खिलुङ्ग एग्रो स्याङ्जाको ठूलो अण्डा प्रतिपेटी तीन हजार ९ सय ७० रुपैयाँ, मझौला तीन हजार ७ सय ७० रुपैयाँ, जनकपुर एग्रो जनकपुरको ठूलो अण्डा प्रतिपेटी तीन हजार ९ सय ८० रुपैयाँ, मझौला तीन हजार ७ सय ८५ रुपैयाँ, पूर्वाञ्चल पोल्ट्र विराटनगरको ठूलो अण्डा प्रतिपेटी तीन हजार ९ सय ८० रुपैयाँ, मझौला तीन हजार ७ सय ७० रुपैयाँ कायम गरिएको छ ।

यसैगरी शिवम् पोल्ट्री वीरगंजको ठूलो अण्डा प्रतिपेटी तीन हजार ९ सय ६० रुपैयाँ, मझौला तीन हजार ७ सय ६० रुपैयाँ, लक्ष्य पोल्ट्री चितवनको ठूलो अण्डा प्रतिपेटी तीन हजार ९ सय ८० रुपैयाँ, मझौला तीन हजार ७ सय ८० रुपैयाँ, खजाना एग्रो दाङको ठूलो अण्डा प्रतिपेटी तीन हजार ९ सय ७५ रुपैयाँ, मझौला तीन हजार ७ सय ७५ रुपैयाँ, नेशनल काजी एग्रो कैलालीको ठूलो अण्डा प्रतिपेटी तीन हजार ९ सय ६५ रुपैयाँ, मझौला तीन हजार ७ सय ६५ रुपैयाँ मूल्य कायम गरिएको छ ।

त्यस्तै सुविस÷काठमाडौँ त्रिशूलीको ठूलो अण्डा प्रतिपेटी तीन हजार ९ सय ६० रुपैयाँ, मझौला तीन हजार ७ सय ५० रुपैयाँ, मोडेल पोल्ट्री चितवनको ठूलो अण्डा प्रतिपेटी तीन हजार ९ सय ५० रुपैयाँ, मझौला तीन हजार ७ सय ५५ रुपैयाँ र एनएमए पोल्ट्री झापाको ठूलो अण्डा प्रतिपेटी तीन हजार ९ सय ५० रुपैयाँ, मझौला तीन हजार ७ सय ६० रुपैयाँ कायम गरिएको सचिव पोखरेलले जानकारी दिए । उनका अनुसार एउटा पेटीमा सात क्रेट (२ सय १० अण्डा) हुन्छन् ।

लागत मूल्य समयमा पाउन नसकेपछि विगत केही वर्षदेखि किसान यस पेसाबाट पलायन हुन थालेका छन् । पछिल्लो समय उत्पादन घट्नु, कुखुरामा रोग लग्नुलगायत कारढाले किसान बैंकको ऋणको भरमा पर्दै आएको व्यवसायी बताउँछन् । रासस

# जसपा–लोसपा एकतामा त्रिपाठी असन्तुष्ट, घोषणापत्रमै उठाए प्रश्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपालबीच भएको एकीकरणप्रति असन्तुष्टि जनाएका छन् ।

लोसपासँगको सहकार्य हुँदै जसपा नेपालको एकता प्रक्रियामा सहभागी रहेका त्रिपाठी पछिल्लो समय भने प्रक्रियाबाट बाहिरिएका छन् । निर्वाचन आयोगले एउटै व्यक्ति दुईवटा राजनीतिक दलमा आबद्ध हुन नमिल्ने व्यवस्था उल्लेख गर्दै स्पष्टिकरण मागेपछि विवाद बाहिर आएको हो ।

त्रिपाठीले जसपा–लोसपा एकतालाई स्वागतयोग्य कदम बताए पनि प्रक्रिया पारदर्शी नभएको आरोप लगाएका छन् । उनका अनुसार सङ्घीय लोकतान्त्रिक मोर्चा गठनदेखि लोसपासँगको सहकार्यसम्ममा जनता प्रगतिशील पार्टीको महत्वपूर्ण भूमिका रहेको थियो । तर अन्तिम चरणको एकीकरणबारे आफूहरूलाई जानकारी नदिइएको उनले बताएका छन् ।

निर्वाचनको मुखमा गरिएको एकता प्रयास अपारदर्शी भएको दाबी गर्दै उनले जसपा नेपालको घोषणापत्रप्रति पनि असहमति जनाएका छन् । विशेषगरी प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्था र पूर्ण समानुपातिक निर्वाचन प्रणालीप्रति उनले प्रश्न उठाएका हुन् । त्रिपाठीका अनुसार प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्था अल्पसङ्ख्यक समुदायका लागि घातक बन्न सक्छ ।

उनले सैद्धान्तिक विषय स्पष्ट नभएसम्म हतारमा गरिएको एकता आत्मघाती हुन सक्ने चेतावनी दिएका छन् ।

यसअघि २०८२ पुस २७ गते गठन गरिएको एकीकृत जसपा नेपालको ४३ सदस्यीय केन्द्रीय समन्वय समितिमा त्रिपाठीसहित उनका पार्टीका नेताहरूलाई पनि समेटिएको थियो । उनीहरू समितिको बैठकमा सहभागी हुनुका साथै सोही पार्टीबाट चुनावमा समेत सहभागी भएका थिए । तर जनता प्रगतिशील पार्टी औपचारिक रूपमा विघटन नगरेपछि समस्या उत्पन्न भएको जसपा नेपालका नेताहरूको भनाइ छ । जसपा नेपालका एक नेताका अनुसार त्रिपाठीले आफ्नो पार्टी कायम राख्दै जसपा नेपालमा पनि रहन खोजेपछि कानूनी जटिलता देखिएको हो ।

ती नेताले पार्टी एकीकरणसँग सम्बन्धित सबै दस्ताबेजबारे त्रिपाठी जानकार रहेको दाबी गर्दै अहिले आएर जानकारी नभएको भन्नु उचित नभएको प्रतिक्रिया दिएका छन् ।

# मिथिला नगरपालिकाका ४८३ परिवारलाई लालपूर्जा वितरण

**जनकपुरधाम ।**
विगत लामो समयदेखि (भूमिहीन) सुकुमवासीको रूपमा बस्दै आएका धनुषाको मिथिला नगरपालिकाका ४ सय ८३ परिवारलाई आइतबार एक समारोहबीच लालपूर्जा वितरण गरिएको छ । मिथिला नगरपालिका–६, ७, ८ र ९ का (भूमिहीन) सुकुमवासीलाई लालपूर्जा वितरण गरिएको हो ।

गाउँब्लकका जमिन लालपूर्जाबिना भोग गर्दै आएका सुकुमवासीलाई लालपूर्जा वितरण गरिएको जिल्लास्थित नापी कार्यालय दुई नम्बर टोली ढल्केवरले जनाएको छ । टोलीका प्रमुख सीयाराम साहले आवश्यक कागजातसहित नापनक्साको प्रक्रिया पूरा गरेर लालपूर्जा वितरण गरिएको बताए । उनका अनुसार सो टोलीको कार्यालयमा ६ सय ५८ जनाले लालपूर्जाका लागि निवेदन दिएको थिए ।

यसअघि टोलीले पालिकाको वडा नं. १, ६ र ७ का ६४ (भूमिहीन) सुकुम्वासी परिवारलाई सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरी लालपूर्जा वितरण गरेको थियो । नापी कार्यालय धनुषाको दुई नं टोलीद्वारा गाउँब्लकको जग्गा नापजाँच गरेर लालपूर्जा वितरण प्रक्रिया सुरु गरेको थियो । त्यसको आधारमा लालपूर्जा वितरण गरिएको प्रमुख साहले जानकारी दिए ।

साहका अनुसार आइतबार यहाँ आयोजित समारोहमा जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डल, मिथिला नगरपालिकाका प्रमुख महेन्द्र महतोलगायत पदाधिकारीले सम्बन्धित जग्गाधनीलाई सो जग्गाधनी लालपूर्जा वितरण गरेको हो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख मण्डलले लामो समयको सङ्घर्ष पश्चात लालपूर्जा प्राप्त गर्नेलाई बधाइ दिँदै लालपूर्जा पाउने प्रक्रियाबाट छुटेकाहरूलाई यथाशीघ्र कानूनी प्रक्रिया पूरा गरेर निजको भोगाधिकार दिलाउनका लागि लालपूर्जा वितरण गर्न अनुरोध गरे । साथै पालिका प्रमुख, उपप्रमुख तथा वडाध्यक्षहरूले आपसी विवादबाट मुक्त भई कार्य गर्न आग्रह गरे ।

मिथिला नगरपालिकाका प्रमुख महतोले लामो समयदेखि लालपूर्जा नपाएका भूमिहीनले अहिले लालपूर्जा प्राप्त गरेर रैतीबाट शासक बनेका भन्दै सबैको सहकार्य र समन्वयमा नगरको विकास गर्नुपर्ने आवश्यकता औँल्याए ।

नापी कार्यालयका प्रमुख उमेश साहको अध्यक्षतामा भएको कार्यक्रममा नापी कार्यालयअन्तर्गत दुई नं टोलीका प्रमुख सीयाराम साह, मिथिला नगरपालिकाका–६ का वडाध्यक्ष नन्दकिशोर यादव, वडा नं १ का वडाध्यक्ष योगी महतो, वडा नं ५ का वडाध्यक्ष रामचन्द्र महतोलगायत वक्ताले आ–आफ्नो धारणा राखेका थिए । धनुषा जिल्लामा ७५ वटा गाउँब्लक छन् । तीमध्ये ७२ वटा गाउँब्लकको जग्गा नापजाँच भइसकेको छ । त्यसअन्र्तगत १२ वटा गाउँब्लकको धनीपूर्जा वितरण भइसकेको नापी कार्यालयले जनाएको छ ।

# मिटरब्याजीहरु आन्दोलित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाका मिटरब्याजपीडितहरूले अनिश्चितकालीन आन्दोलन सुरु गरेका छन् । विभिन्न मागहरू राख्दै उनीहरूले आइतबार जिल्ला प्रहरी कार्यालय अगाडि प्रदर्शन गरेका छन् । केही दिनअघि धनुषाको फुलगामा ४ की मिटरब्याजपीडित सुनिता साहलाई प्रहरीले उल्टै पक्राउ गरी पीडामाथि पीडा थपेको भन्दै आफूहरूले प्रहरी प्रशासनविरुद्ध अनिश्चितकालीन आन्दोलन सुरु गरेको मिटरब्याजपीडित किसान मजदुर आन्दोलन नेपाल, धनुषा जिल्ला अध्यक्ष सम्भु प्रसाद यादवले जानकारी दिए ।

मिटरब्यजीहरूलाई कारवाही गर्नुको साटो प्रहरीले उल्टै पीडितहरूलाई समातेर जेल पठाउने गरेको घटनाहरू अगाडि आउन थालेपछि आफूहरूले बाध्य भएर जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत र सरकारी वकिल कार्यालय अगाडि प्रत्येक दिन शान्तिपूर्ण धर्ना र विरोध गर्ने अध्यक्ष यादवले बताए । उनीहरूले पक्राउ गरेका मिटरब्याजपीडितहरूलाई रिहाइ र मिटरब्याजीहरूलाई पक्राउ नगरेसम्म विरोध प्रदर्शन जारी राख्ने चेतावी दिएका छन् । धनुषा जिल्लामा मात्र मिटरब्याज पीडितको संख्या ७० हजार रहेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन